# महालेखापरीक्षकको
# वार्षिक प्रतिवेदन
# २०७९
# नवदुर्गा गाउँपालिका
# डडेल्धुरा




महालेखापरीक्षकको कार्यालय

काठमाडौं, नेपाल

## दूरदृष्टि (Vision)

जवाफदेहिता, पारदर्शिता र निष्ठा प्रवर्द्धन गर्ने विश्वसनीय संस्था हुने।

(Be Credible Institution in Promoting Accountability, Transparency and Integrity)

## गन्तव्य (Mission)

राष्ट्रलाई स्वतन्त्र एवं गुणस्तरीय लेखापरीक्षण सेवा प्रदान गर्ने ।

(Provide Independent and Quality Audit Service to the Nation)

## मूल्य मान्यता (Core Values)

| | |
|---|---|
| निष्ठा | (Integrity) |
| स्वतन्त्रता | (Independence) |
| व्यावसायिकता | (Professionalism) |
| पारदर्शिता | (Transparency) |
| जवाफदेहिता | (Accountability) |

# महालेखापरीक्षकको भनाइ



नेपालको संविधानको धारा २४१ मा संघ, प्रदेश र स्थानीय तहका सबै सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्य समेतको विचार गरी महालेखापरीक्षकबाट लेखापरीक्षण हुने व्यवस्था छ । लेखापरीक्षण ऐन, २०७५ को दफा २०(२) मा महालेखापरीक्षकले प्रत्येक स्थानीय तहको लेखापरीक्षण सम्पन्न गरी अलग अलग प्रतिवेदन जारी गर्न सक्ने व्यवस्था छ । सोही व्यवस्था बमोजिम स्थानीय तहको २०७७/७८ को आर्थिक कारोबारको लेखापरीक्षण सम्पन्न गरी यो प्रतिवेदन जारी गरिएको छ।

स्थानीय तहको लेखापरीक्षण नेपालको संविधान, लेखापरीक्षण ऐन, सरकारी लेखापरीक्षण मानदण्ड, वित्तीय लेखापरीक्षण मार्गदर्शन, स्थानीय तह लेखापरीक्षण निर्देशिका, महालेखापरीक्षकको वार्षिक लेखापरीक्षण योजना र स्थानीय तहसँग सम्बन्धित ऐन, नियमको आधारमा सम्पन्न गरिएको छ । लेखापरीक्षणको प्रमुख उद्देश्यहरूमा वित्तीय विवरणको शुद्धता, प्रचलित कानुनको पालना, बजेट तथा योजना तर्जुमा एवं कार्यक्रम कार्यान्वयन, खरिद व्यवस्थापन, सार्वजनिक सम्पत्तिको संरक्षण र उपयोग, जिम्मेवारी, जवाफदेहिता एवं पारदर्शिता र सेवा प्रवाहको अवस्था मूल्याङ्कन गर्नु रहेको छ । त्यसैगरी स्रोत साधनको प्राप्ति र परिचालन सम्बन्धमा नियमितता, मितव्ययिता, कार्यदक्षता र प्रभावकारिता भए नभएको विश्लेषण गरी वित्तीय व्यवस्थापनमा सुधारका लागि सुझाव प्रदान गरी सुशासन प्रवर्द्धनमा टेवा पुर्‍याउनु लेखापरीक्षणको उद्देश्य रहेको छ । आर्थिक वर्ष २०७७/७८ को लेखापरीक्षण सम्पन्न भएपश्चात जारी गरिएको प्रारम्भिक प्रतिवेदन उपर प्राप्त प्रतिक्रियाका विषयहरू मिलान गरी कायम रहेका व्यहोरा समावेश गरेर रायसहितको अन्तिम प्रतिवेदन पठाइएको छ ।

लेखापरीक्षणबाट देखिएका व्यहोराहरु मूलतः आन्तरिक आय र राजस्व बाँडफाँटको प्रक्षेपण यथार्थपरक नरहेको, आन्तरिक आय स्रोत व्यवस्थापनमा स्पष्ट कानूनी व्यवस्था नभएको, आय सङ्कलन न्यून रहेको, पर्याप्त आधार बेगर राजस्व छुट दिएको, बक्यौता असुलीमा प्रभावकारिता नआएको, बजेट अनुशासन कमजोर रहेको, अबण्डा बजेट राखेको, खर्च पश्चात बजेट तथा कार्यक्रम संशोधन गरी अनुमोदन गर्ने गरेको, वर्षान्तमा बढी खर्च गरेको, खरिद कानुन विपरित खरिद गरेको, अत्यधिक प्रशासनिक खर्च गरेको, बचत अनुदान फिर्ता नगरेको, अनुत्पादक तथा वितरणमुखी खर्चको बाहुल्यता रहेको लगायत छन् । त्यसैगरी विकास निर्माणतर्फ योजना प्राथमिकीकरण नगरेको, साना तथा टुक्रे आयोजनाको छनौट गरेको, लागत अनुमान तथा आयोजना तयारीमा अत्यधिक रुपमा परामर्शदातामाथि निर्भर रहेको, जटिल प्रकृतिका कार्यहरू समेत उपभोक्ता समितिबाट गराएको, जनसहभागिता नजुटेको, दिगो विकासका लक्ष्य अनुरूप योजना र कार्यक्रम तर्जुमा नगरेको, दीर्घकालीन विकासको खाका तर्जुमा नभएको जस्ता समस्या रहेका छन् ।

स्थानीय तहको आन्तरिक व्यवस्थापनतर्फ आवश्यक अनुभवी र दक्ष जनशक्तिको कमी रहेको, कर्मचारी नियुक्ति तथा बढुवामा प्रदेश लोकसेवा आयोगको परामर्श नलिएको, सेवा प्रवाहमा अपेक्षित सुधार हुन नसकेको, स्रोत, साधन र सम्पत्तिको दुरुस्त अभिलेख नरहेको, सञ्चालित योजना, कार्यक्रम, सेवा प्रवाहको यथार्थ रुपले अभिलेख नराखेको, अधिकांशको बैंक हिसाब नभिडेको, लेखाङ्कन तथा समग्र प्रतिवेदन प्रणाली र आन्तरिक नियन्त्रण कमजोर रहनुका साथै आन्तरिक लेखापरीक्षण भरपर्दो र प्रभावकारी नभएको पाइएको छ। स्थानीय तहमा महालेखापरीक्षकको लेखापरीक्षण प्रतिवेदन उपर छलफल र बेरुजु फस्र्यौट सम्बन्धी स्पष्ट कार्यविधि तर्जुमा भएको देखिएन । लेखापरीक्षणबाट औंल्याएका व्यहोराहरू सुधार गरी गत विगतका बेरुजु उपर आवश्यक कारवाही गरी वित्तीय अनुशासन हुने व्यवस्था मिलाउनुपर्दछ ।

समय र जनशक्तिको सीमितताको बाबजुद यथासम्भव स्थानीय तहको कार्यस्थलमा नै उपस्थित भई लेखापरीक्षण गरिएको र लेखापरीक्षणको क्रममा लेखापरीक्षण टोलीले स्थानीय तहका प्रमुख सहितका पदाधिकारीहरूसँग छलफल समेत गरिएको थियो । लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका व्यहोराको कार्यान्वयनबाट स्थानीय तहको वित्तीय व्यवस्थापन, विकास निर्माण र सेवा प्रवाहमा सुधार हुने अपेक्षा गरेको छु । स्थानीय तहको लेखापरीक्षणमा सहयोग पुर्‍याउने स्थानीय तहका सबै पदाधिकारी तथा कर्मचारीहरू र लेखापरीक्षण तथा प्रतिवेदन तयारीमा संलग्न यस कार्यालयका कर्मचारीहरू सबैलाई धन्यवाद ज्ञापन गर्दछु ।

**(टंकमणि शर्मा ,दंगाल)**

२०७९ आषाढ **महालेखापरीक्षक**

# महालेखापरीक्षकको कार्यालय
# Office of the Auditor General
अनामनगर, काठमाडौं, नेपाल
Anamnagar, Kathmandu, Nepal
प्रदेश लेखापरीक्षण महानिर्देशनालय
(सुदूरपश्चिम प्रदेश)


पत्र संख्याः २०७८।७९
च.नं.३७४

मितिः २०७९।३।१७

विषयः लेखापरीक्षण प्रतिवेदन ।

श्री अध्यक्षज्यू,
नवदुर्गा गाउँपालिका,
डडेल्धुरा ।

**कैफियत सहितको राय**

हामीले **नवदुर्गा गाउँपालिकाको** आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरण तथा लेखा टिप्पणीहरूको लेखापरीक्षण गरेका छौं ।

हाम्रो रायमा, यस प्रतिवेदनको कैफियत सहितको राय व्यक्त गर्ने आधार खण्डमा उल्लेख भएका विषयले पार्ने असर बाहेक पेश भएको २०७८ आषाढ ३१ मा समाप्त भएको आर्थिक वर्ष २०७७/७८ को वित्तीय विवरण र त्यससँग सम्बन्धित अन्य विवरणले स्थानीय तहसँग सम्बन्धित प्रचलित कानुनबमोजिम सारभूत रूपमा सही तथा यथार्थ अवस्था चित्रण गर्दछ ।

**कैफियत सहितको राय व्यक्त गर्ने आधार**

१. **लेखापरीक्षणबाट रू. १ करोड २७ लाख १५ हजार बेरुजु देखिएको छ। सोमध्ये मिती २०७८।८।७ मा प्राप्त प्रतिक्रिया बाट रु ८९ लाख ५८ हजार फस्यौंट भई प्रमाण कागजात पेश गर्नुपर्ने रु. ५० हजार, नियमित गर्नुपर्ने रु.१५ लाख ९९ हजार र पेश्की रु २१ लाख ८ हजार बाँकी बेरुजु रहेको छ ।** पालिकाको गत वर्षसम्म रु.३ करोड १२ लाख ९५ हजार बेरुजु बाँकी रहेकोमा यस वर्ष समायोजन र सम्परीक्षणबाट फछ्र्यौट एवं यो वर्ष कायम भएको बेरुजु समेत हालसम्मको अद्यावधिक बेरुजु रु. ५८ लाख २५ हजार रहेको छ । यस पालिकाको **बेरुजु वर्गीकरण र अद्यावधिक बेरुजु स्थिति यसैसाथ संलग्न छ ।**

२. पालिकाको लेखापरीक्षणबाट स्रोत र साधनको प्राप्तिको प्रक्षेपण यथार्थपरक नभएको, असुली लक्ष्यअनुसार नभएको, कर्मचारीको दरबन्दीअनुसार पदपूर्ति नभएका कारण विकास निर्माण र सेवा प्रवाहमा प्रभावकारिता नआएको, अनुदानको पर्याप्त अनुगमन नभएको, वितरणमुखी कार्यक्रम सञ्चालन गरेको, आन्तरिक नियन्त्रण प्रणाली कमजोर रहेको लगायतका व्यहोरा लेखापरीक्षण प्रतिवेदनमा औल्याइएको छ।कार्यालयबाट सम्प्रेषित लेखापरीक्षणको प्रारम्भिक प्रतिवेदन यसको अङ्गको रुपमा रहेको छ ।

३. आम्दानी तथा खर्चको स्रेस्ता नगदमा आधारित लेखा प्रणाली अवलम्बन गरेकोले पालिकाको पेश्की बाहेक सम्पत्ति तथा दायित्व यकिन हुने कुनै जानकारी खुलाएको छैन ।

हाम्रो लेखापरीक्षण कार्य नेपालको संविधान, लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानूनबमोजिम गरिएको छ । वित्तीय विवरण तयार गर्ने स्थानीय तहसँग हामी स्वतन्त्र छौं। त्यसैगरी स्वीकृत आचारसंहिताको पालना गरी कार्यसम्पादन गरेका छौं ।लेखापरीक्षणको क्रममा प्राप्त गरेका लेखापरीक्षण प्रमाणहरू हाम्रो राय व्यक्त गर्ने आधारका लागि पर्याप्त र उपयुक्त छन् भन्ने कुरामा कार्यालय विश्वस्त छ।

**वित्तीय विवरण उपर व्यवस्थापन र लेखाउत्तरदायी अधिकृतको जिम्मेवारी**

आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन, २०७६ र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ तथा अन्य प्रचलित कानुन बमोजिम सही र यथार्थ हुने गरी वित्तीय विवरण तयार गर्ने तथा जालसाजी वा अन्य गल्तीका कारण वित्तीय विवरण सारभूतरूपमा गलत आँकडा रहित स्वरूपमा बन्ने गरी आवश्यक आन्तरिक नियन्त्रण प्रणाली लागू गर्ने जिम्मेवारी पालिका व्यवस्थापनमा रहेको छ। **गाउँ** कार्यपालिका, **अध्यक्ष** र प्रमुख प्रशासकीय अधिकृत पालिकाको वित्तीय प्रतिवेदन प्रक्रियाको अनुगमनका लागि जिम्मेवार रहेका छन्।

**वित्तीय विवरणको लेखापरीक्षण उपर लेखापरीक्षकको जिम्मेवारी**

वित्तीय प्रतिवेदन समग्रमा जालसाजी वा अन्य गल्ती समेतका कारण सारभूत रूपमा गलत आँकडारहित होस् भनी उचित आश्वस्तता प्राप्त गरी रायसहितको लेखापरीक्षण प्रतिवेदन जारी गर्नु लेखापरीक्षणको उद्देश्य हो।लेखापरीक्षणमा उचित आश्वस्तताले सामान्य स्तरको आश्वस्ततासम्म प्रदान गरेको हुन्छ, तर लेखापरीक्षण ऐन तथा महालेखापरीक्षकको कार्यालयले अवलम्वन गरेका नेपाल सरकारी लेखापरीक्षण मानदण्ड, मार्गदर्शन तथा लेखापरीक्षणसँग सम्बन्धित अन्य प्रचलित कानुनबमोजिम गर्ने लेखापरीक्षण सम्पादन भएकै अवस्थामा पनि सबै प्रकारका जालसाजीजन्य वा अन्य गल्ती पत्ता लगाउन सक्ने निश्चितता भने हुँदैन। वित्तीय विवरणका उपयोगकर्ताले सामान्यतया गर्ने आर्थिक निर्णयमा नै फरक पार्न सक्ने अवस्था देखिएका एउटै वा समग्रतामा हुने विशेष वा जालसाजीजन्य वा अन्य गल्तीलाई सारभूतरूपमा गलत आँकडा मानिएको छ।

(तारा प्रसाद पाण्डे)
नायब महालेखापरीक्षक

## नवदुर्गा , गाउँपालिका

## बेरुजु बर्गिकरण (बिनियोजन, राजस्व, धरौटी र अन्य कारोबार)

## २०७७।७८

*(रु. हजारमा)*

| प्रारम्भिक बेरुजु | | | प्रतिक्रियाबाट फस्यौट | | | बाँकी बेरुजु | | | बेरुजु | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| दफा संख्या | | रकम | दफा संख्या | | रकम | दफा संख्या | | रकम | असुल गर्नुपर्ने | नियमित गर्नुपर्ने | | | | | पेस्की |
| सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | सैद्धान्तिक | लगती | | | अनियमित भएको | प्रमाण कागजात पेश नभएको | राजस्व लगत जिम्मेवारी नसारेको | सोधभर्ना नलिएको | जम्मा | |
| ६२ | १५ | १२७१५ | ० | १२ | ८९५८ | ७४ | ३ | ३७५७ | ० | १५९९ | ५० | ० | ० | १६४९ | २१०८ |

## अद्यावधिक बेरुजु स्थिति

## २०७७।७८

*(रु. हजारमा)*

| गत वर्ष सम्मको बाँकी | समायोजन | यो वर्षको **फस्यौट** | बाँकी बेरुजु | यो वर्ष सम्परीक्षणबाट कायम बेरुजु | यो वर्षको बेरुजु | कुल बेरुजु बाँकी |
|---|---|---|---|---|---|---|
| ३१२९५ | ० | २९२२९ | २०६८ | ० | ३७५७ | ५८२५ |

# आर्थिक कारोबारको स्थिति

आर्थिक बर्ष: २०७७/७८

कार्यालय र स्थान : नवदुर्गा गाउँपालिका, डडेलधुरा , नवदुर्गा गाउँपालिका , डँडेलधुरा

| पद | नाम | कार्यकाल सुरु मिति | कार्यकाल समाप्त मिति |
|---|---|---|---|
| कार्यालय प्रमुख | Siddharaj Sharma | २०७६-८-१६ | हाल सम्म कार्यरत |
| लेखा प्रमुख | Ganesh Datta Bhatta | २०७६-९-१३ | |
| | | **बेरुजु रकम** | ३,७५६,९२३ |

स्थानीय तह :

| | | | |
|---|---|---|---|
| गत बर्षको जिम्मेवारी | | १,०१,५७,४८५.७४ | |
| आम्दानी | | खर्च | |
| संघीय सरकारबाट अनुदान | ३३,८७,८७,१९७ | चालु खर्च | २८,३५,३४,९०६ |
| प्रदेश सरकारबाट अनुदान | २,०५,७५,११८ | पूँजीगत खर्च | १३,४२,७०,०६२ |
| राजश्व बाँडफाँट | ६,०९,०९,६१६ | वित्तीय/अन्य व्यवस्था | १२,९७,०१,७२० |
| आन्तरिक आय | ४१,०१,९१४.३ | | |
| अन्य आय | १२,८६,७०,२७० | | |
| कुल आय | ५५,३०,४४,११५.३ | कुल खर्च | ५४,७५,०६,६८८ |
| बाँकी मौज्दात | | १,०९,२८,३३५.०१ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १ | | | **वित्तिय विवरण**<br>परिचय – स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढ गरी स्थानीय तहमा विधायिकी, कार्यकारीणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको संचालन गर्ने उद्देश्यले यस नवदुर्गा गाउँपालिकाको स्थापना भएको हो । स्थानीय सरकारले संचालन गर्ने कार्यमा सहकारिता, सह–अस्तित्व र समन्वयलाई प्रवद्र्धन गर्नु र स्थानीय सरकारका काममा जनसहभागिता, उत्तरदायित्व, पारदर्शिता सुनिश्चित गरी नागरिकलाई गुणस्तरीय सेवा प्रदान गर्नु नवदुर्गा गाउँ पालिकाको उद्वेश्य रहेको छ । यस गाउँ पालिका अन्तर्गत ५वटा वडा, २८ सभा सदस्य, 141.89 वर्ग किलोमिटर क्षेत्रफल तथा 19957 जनसंख्या रहेको छ । लेखापरिक्षणमा पेश भएको श्रेस्ता तथा आर्थिक कारोबारहरुको जोखिम विश्लेषण, लेखापरिक्षण नीति, मापदण्ड, व्यवस्थापन प्रतिनिधित्व पत्र, लेखापरिक्षण मार्गदर्शन, व्यवसायिक लेखापरिक्षणका असल अभ्यासको आधारमा तयार गरीएको स्वीकृत लेखापरिक्षण योजना, कार्यक्रम र लेखापरिक्षणको विधि अनुसार लेखापरिक्षण सम्पन्न गरिएको छ । लेखापरीक्षकको जिम्मेवारी लेखापरीक्षणको निष्कर्ष सहित प्रतिवेदन जारी गर्नु हो भने आर्थिक कारोबार र वित्तिय विवरणको शुद्धताको जिम्मेवारी व्यवस्थापन पक्षको रहेको छ । उक्त आधारमा लेखापरीक्षण सम्पन्न गरी देखिएका व्यहोराहरु उपर मिती २०७८/६/२४ मा व्यवस्थापनसँग छलफल गरी कायम भएका व्यहोराहरु निम्न अनुसार छन् : वित्तीय विवरण – स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ७२ मा गाउँपालिका तथा नगरपालिकाले प्रत्येक वर्षको साउन एक गतेदेखि आगामी वर्षको असार मसान्तसम्मको अवधिलाई आर्थिक वर्ष कायम गरी आय र व्ययको हिसाव राख्नुपर्दछ । सोही ऐनको दफा ६९ मा तोकीय अनुसार गाउँपालिका तथा नगरपालिकाले आफ्नो आर्थिक कार्य प्रणलीको व्यवस्थापन गर्नुपर्दछ । यस सम्बन्धमा देखिएका व्यहोरा देहाय बमोजिम छन् • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छैन । जसबाट स्थानीय तहको असार मसान्तको बैंक मौज्दात र श्रेस्ताको मौज्दात रु २४७६२५०१ ले फरक देखिएको छ । • स्थानीय तहले संचित कोषमा गत विगतको बाँकी यस वर्ष प्राप्त रकम र संचित कोषवाट भएको खर्च स्पष्ट देखिने गरी खाता राखेको छ । • स्थानीय तहले बैंक समायोजन हिसाब खाता राखेको छ । • स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को नियम ७२(२) मा नेपाल सरकारले निर्धारण गरे बमोजिमको आय र व्ययको वर्गीकरण तथा खर्च शीर्षक सम्बन्धी व्यवस्था अवलम्बन गर्नुपर्ने तथा नियम ७६(२) मा महालेखा परीक्षकबाट स्वीकृत भए बमोजिमको ढाँचामा लेखा राख्नुपर्ने व्यवस्था गरेकोमा यस पालिकाले २०७६।२।१९ मा महालेखापरीक्षकबाट स्वीकृत भएको NEPSAS based ढाँचामा प्रतिवेदन तथा लेखाङ्कन गरेको छ । तोकेबमोजिमका वित्तीय विवरणहरु तथा खाताहरु अद्यावधिक गरी आय र व्ययको वास्तविक स्थिति देखिने गरी लेखांकन गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २ | | | **आन्तरिक नियन्त्रण प्रणाली**<br>स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ७८ वमोजिम आन्तरिक नियन्त्रण प्रणाली तयार गरि लागु गर्नुपर्नेमा लागु गरेको पाईएन। यस सम्वन्धमा देखिएका अन्य व्यहोराहरु तपशिल वमोजिम रहेका छन ।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 11 अनुसार आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्यांक संकलन, अभिलेखांकन र व्यवस्थापन गर्नुपर्ने सो गरेको पाईएन ।<br>• अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा १७ बमोजिम मध्यकालीन खर्च संरचना तयार गर्नुपर्नेमा पालिकाले सो बमोजिम मध्यकालीन खर्चको संरचना तयार गरेको पाईएन ।<br>• जिन्सी निरिक्षण प्रतिवेदनमा उल्लेख भए अनुसार विभिन्न मालसामान मर्मत तथा लिलाम गर्नु पर्नेमा गरेको पाईएन ।<br>• कार्यालयले उद्देश्य प्राप्तिमा आइपर्ने सम्भावित जोखिमहरु पहिचान गरि निराकरणको प्रयास गरेको अभिलेख नराखेको ।<br>• सार्वजनिक खरिद नियमावलि 2064 को नियम 7 र 8 मा खरिदको गुरुयोजना र वार्षिक खरिद योजना तयार गर्नुपर्नेमा तयार गरेको पाईएन।<br>• स्थानीय सरकार सञ्चालन ऐन 2074 को दफा 74(2) अनुसार सार्वजनिक खरिद नियमावली वनाई लागु गर्न सक्ने व्यवस्था भएकोमा वनाएको पाईएन ।<br>• सार्वजनिक खरिद नियमावली 2064 को नियम 97 अनुसार यस वर्ष कार्यसम्पन्न भएका आयोजना तथा कार्यक्रमहरु उपभोक्ता समितिलाई हस्तान्तरण गर्नुपर्नेमा गरेको पाईएन ।<br>• सञ्चालित योजनाको सूचना पाटीमा आय–व्यय, अपेक्षित र वास्तविक लाभका साथै उपभोक्ताको योगदान र कार्यसम्पादन लगायतका विषयमा स्पष्ट गरी सरोकारवाला सहितको सार्वजनिक सुनुवाई र सार्वजनिक परीक्षणलाई अनिवार्य गर्नु गराउनु पर्नेमा अधिकांशतः पालना भएको पाईएन।<br>• वातावरणको संरक्षणको एकिकृत दिर्घकालिन योजना तयार नगरेको।<br>• पालिकाको विकास निर्माण व्यवस्थापन तथा सेवा प्रवाहका लागि आवश्यक प्राविधिक तथा प्रशासनिक कर्मचारीको अभाव रहेको पाईयो ।<br>• सुशासन व्यवस्थापन तथा सञ्चालन नियमावली २०६५ अनुसार नागरिक वडापत्रमा उल्लेखित सेवाहरुको कार्यान्वयन स्थिती अनुगमन गर्न अनुगमन संयन्त्र तय गरेको पाईएन ।<br>• निजामती सेवा ऐन 2049 वमोजिम कार्य विवरण वनाई लागु गरेको पाईएन ।<br>तसर्थ पालिकाले आन्तरिक नियन्त्रण प्रणालीलाई तोकीए बमोजिम प्रभावकारी र विश्वशनीय बनाइ सेवा प्रवाह सुदृढ बनाउने तर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३ | | | **वैंक हिसाव मिलान विवरण**<br>बैक हिसाब मिलान विवरण– स्थानीय तह सरकार संचालन ऐन, २०७४ को दफा ७६(२) बमोजिम स्थानीय तहले आफ्नो कारोबारको लेखा महालेखा नियन्त्रक कार्यालयको सिफारिशमा महालेखापरीक्षकबाट स्वीकृत भएको ढाँचामा राख्नुपर्ने उल्लेख छ । सो बमोजिम मासिक रुपमा स्रेस्ता र बैक खाताको हिसाब मिलान बिबरण तयार गर्नुपर्नेमा स्थानीय तहले सञ्चालन गरेको देहायबमोजिम बैक खाता तथा श्रेस्तामा विवरण फरक परेको छ । | |

| सि.नं. | खाताको नाम | श्रेस्ता अनुसार २०७८।३।३१ को बाँकी | बैंक स्टेटमेण्ट अनुसार २०७८।३।३१ को बाँकी | फरक |
|---|---|---|---|---|
| १ | चालु खर्च खाता | ० | १४४७६६४८ | १४४७६६४८ |
| २ | पुजिगत खर्च खाता | ० | ११५८४८४३ | ११५८४८४३ |
| ३ | धरौटी खाता | ३९३००८५ | ३९३००८५ | ० |
| ४ | विविध कोष | २०६८०९६ | ३१८९२१६ | ११२११२० |
| ५ | प्रकोप ब्यवस्थापन | १०८१७६ | १०८१७६ | ० |
| ६ | संचितकोष खाता | ४८२१९७८.०१ | २४०१८६८ | -२४२०११० |
| जम्मा | | १०९२८३३५ | ३५६९०८३६ | २४७६२५०१ |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४ | | | **वरवुझारथ**<br>मन्त्रालयको मिति २०७३।१२।२५ को आर्थिक कारोबार तथा खाता सञ्चालन सम्बन्धमा थप स्पष्ट पारिएको परिपत्रको दफा १७ बमोजिम यस पालिका तथा पालिकामा समाहित भएका साविकका गाउँ विकास समिति तथा नगरपालिकाको नाममा रहेको पेश्की तथा बेरुजु अभिलेख समायोजन भएको पालिकामा कायम गरी नियमानुसार पेश्की फछ्र्यौट तथा बेरुजु सम्परीक्षण कार्य गर्नुपर्नेमा यस पालिकामा समाहित भएका साबिकका विषयगत कार्यालयको बेरुजू लगत तथा सम्परीक्षणको अभिलेख गाउँपालिकाले एकिन गरी अध्यावधिक नगरेकोले पालिकाले उक्त व्यवस्थाको कार्यान्वयन गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५ | | | **वजेट पेश पारित र अख्तियारी**<br>स्थानीय तह संचालन ऐन, २०७४ को दफा ७१ म स्थानीय तहले आगामी आर्थिक वर्षको राजश्व र व्ययको अनुमान कार्यपालिकाबाट स्वीकृत गराई असार १० गते भित्र पेश गर्ने र यसरी पेश भएको बजेट छलफल गरी असार मसान्तभित्र सभाबाट पारित गर्नुपर्ने व्यवस्था छ । सोही ऐनको दफा ७३ मा सभाबाट बजेट स्वीकृत भएको ७ दिनभित्र स्थानीय तहका प्रमुखले प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गर्नुपर्ने व्यवस्था छ । यस स्थानीय तहमा उपाध्यक्ष श्री डम्बरी देवि ओलीले मिति २०७७।०३।१० गते रु ४७ करोड ५९ लाख ९२ हजारको बजेट सभा समक्ष पेश गरेकोमा मिति २०७७।०३।११ मा पारित भएको छ । यसैगरी स्थानीय तहका प्रमुखले २०७७।०४।०२ मा प्रमुख प्रशासकीय अधिकृतलाई बजेट खर्च गर्ने अख्तियारी प्रदान गरेको देखिन्छ । कानूनले तोकेको समयमा आय र व्ययको अनुमान पेश गरी पारित गर्ने र अख्तियारी दिनेतर्फ ध्यान दिनुपर्दछ । | |
| ६ | | | **वजेट सिमा निर्धारण समिती**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६(१) बमोजिम पालिकामा प्राप्त हुने आन्तरिक आय, राजश्व बाँडफाँडबाट प्राप्त हुने रकम, अनुदान, ऋण र अन्य आयको प्रक्षेपण तथा सोको सन्तुलित वितरणको खाका र बजेट सीमा निर्धारण गर्न ७ सदस्यीय स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समिति गठनको व्यवस्था छ । उक्त समितिले आयको प्रक्षेपण, साधनको सन्तुलित वितरणको खाका, बजेटको कूल सीमा, बजेटको क्षेत्रगत सीमा निर्धारण, बजेट तथा कार्यक्रमको प्रथमिकिकरण, विषयक्षेत्रगत बजेट तर्जुमा मार्गदर्शन तय गर्नुपर्ने जस्ता कार्यहरु फाल्गुन महिनाभित्र सम्पन्न गरिसक्नुपर्ने र बजेट प्रक्षेपण गर्दा आगामी आर्थिक वर्षपछिको थप दुई वर्षको समेत प्रक्षेपण तयार गर्नुका साथै तयार भएको आगामी आर्थिक वर्षको बजेट सीमा प्रमुख प्रशासकिय अधिकृतले चैत्र १५ गतेभित्र पालिकाका विषयगत शाखा तथा वडा समितीलाई उपलब्ध गराउनुपर्ने कानुनी व्यवस्था रहेकोले पालिकाले समितिको गठन गरेको छ । | |
| ७ | | | **वजेट तथा कार्यक्रम तर्जुमा**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६७(१) मा ४ सदस्यीय बजेट तथा कार्यक्रम तर्जुमा समिति गठन गरी आगामी वर्षको नीति तथा कार्यक्रम, बजेट तथा कार्यक्रम, कार्यक्रमको प्राथमिकीकरण, विषय क्षेत्रगत कार्यक्रम, योजना तथा कार्यक्रममा दोहोरोपना हुन नदिई आपसी तादाम्यता तथा परिपूरकता कायम गर्नुपर्ने ब्यवस्था अनुसार समिति गठन गरेको भएता पनि आगामी आर्थिक वर्षको नीति तथा कार्य.क्रम, कार्यक्रमको प्राथमिकीकरण, कार्यक्रमबीच परिपूरकता कायम गरेको समेत नदेखिएकाले बजेट तर्जुमा गर्दा ऐनमा भएको ब्यवस्थाको परिपालनामा ध्यान दिनुपर्दछ । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>८</td><td></td><td></td><td>
चौमासिक खर्च
आर्थिक कार्यविधि नियमावली, २०६४ को नियम २३ बमोजिम स्वीकृत भएको कार्यक्रममा नियम २५ बमोजिम चौमासिक प्रगति विवरण वनाई पेश गर्नुपर्ने र चौमासिक कार्यलक्ष्य तथा कर्यक्रम बमोजिम कार्यसम्पादन सम्पन्न गरी कर्यक्रम कार्यान्वयन गर्नुपर्ने व्यवस्था छ । कार्यालयले उपलव्ध गराएको विवरण अनुसार चौमासिक खर्चको स्थिति देहाय बमोजिम छ । वर्षान्तमा हतारमा काम गराउँदा कामको गुणस्तरमा असर पर्ने देखिएकोले नियममा भएको व्यवस्था अनुरुप आषाढमा खर्च गर्ने परिपाटीमा नियन्त्रण गर्नुपर्दछ ।
क्र.स बजेट उपशिर्षक कुल खर्च चौमासिक खर्च
<table>
<tr><th rowspan="2">क्र.स</th><th rowspan="2">बजेट उपशिर्षक</th><th rowspan="2">कुल खर्च</th><th colspan="4">चौमासिक खर्च</th></tr>
<tr><th>प्रथम चौमासिक</th><th>दोस्रो चौमासिक</th><th>तेश्रो चौमासिक</th><th>आषाढ महिना</th></tr>
<tr><td>1</td><td>चालु खर्चतर्फ</td><td>283534</td><td>46623</td><td>67517</td><td>169394</td><td>113022</td></tr>
<tr><td>2</td><td>पूँजिगत खर्चतर्फ</td><td>134270</td><td>18621</td><td>26621</td><td>89027</td><td>63040</td></tr>
<tr><td></td><td>जम्मा</td><td>417804</td><td>65244</td><td>94138</td><td>258422</td><td>176062</td></tr>
<tr><td></td><td>प्रतिशत</td><td>८७.७७</td><td>१५.६२</td><td>२२.५३</td><td>६१.८५</td><td>४२.१३</td></tr>
</table>
पालिकाले उपलब्ध गराएको विवरणअनुसार बार्षिक रु. ४१७८०४००० निकासा भएकोमा प्रथम चौमासिकमा रु. ६५२४४००० अर्थात 15.62 प्रतिशत, दोश्रो चौमासिकमा रु. ९४१३८०००, अर्थात 22.53 प्रतिशत र तेश्रो चौमासिकमा रु. २५८४२२००० अर्थात 61.85 प्रतिशत खर्च गरेको देखिएको छ । यसरी नै आषाढ महिनामा मात्र रु. १७६०६२००० अर्थात 42.13 प्रतिशत खर्च देखिनुले आषाढमा आएर खर्चको चाप बढेको देखिएकाले सन्तुलित खर्च ब्यवस्थापन भएको देखिएन । स्वीकृत कार्यक्रम अनुसार चौमासिक रुपमा सन्तुलित खर्च हुने गरी कार्यक्रम कार्यान्वयन गरिनुपर्दछ ।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ९ | | | **क्षेत्रगत वजेट र खर्चको स्थिति**<br>स्थानीय तहको एकीकृत, समानुपातिक र दिगो विकासका क्षेत्रगत रुपमा समानुपातिक बजेट विनियोजन गरी खर्च गर्नुपर्ने हुन्छ । यस पालिकाको २०७६।७७ को क्षेत्रगत बजेट र खर्चको स्थिति देहायअनुसार रहेको देखिन्छ | |

| क्र.स | क्षेत्र | बजेट | खर्च | खर्च प्रतिशत |
|---|---|---|---|---|
| | | | | जम्मा खर्चको तुलनामा |
| १ | आर्थिक विकास | ४,६८,३७,००० | ४,११,१४,८९४ | ९.८४ |
| २ | पूर्वाधार विकास | ७,९४,७८,५२३ | ६,४८,०६,०८४ | १५.५१ |
| ३ | सामाजिक विकास | २४,०६,५७,००० | २२,२९,०९,१६९ | ५३.३५ |
| ४ | सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र | १,३६,११,००० | ९४,५८,७०५ | २.२६ |
| ५ | अन्य कार्यालय संचालन तथा प्रशासनिक | ९,५४,०८,८१० | ७,९५,१६,११६ | १९.०३ |
| जम्मा | | ४७,५९,९२,३३३ | ४१,७८,०४,९६८ | |

उपरोक्त विवरण अनुसार सभाले विनियोजन गरेको बजेट मध्ये सबैभन्दा बढी सामाजिक विकासमा ५३.३५ प्रतिशत र घटीमा सुशासन तथा अन्तरसम्बन्धित क्षेत्र २.२६ प्रतिशत रहेको छ ।

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १० | | | **खर्च विश्लेषण**<br>पालिकाले यसबर्ष कुल आन्तिरक आयबाट रु 4101914.3 राजस्व बाँडफाँडबाट रु 60909616 र अनुदानबाट रु 359467315 समेत रु 435636331 आम्दानी भएकोमा चालु तर्फ रु 283534906 र पूँजिगत तर्फ रु 134270062 र बित्तिय ब्यबस्था तर्फ रु 0 समेत रु ४१,७८,०४,९६८ खर्च भएको छ । खर्च मध्ये आन्तरिक आयको हिस 1 प्रतिशत रहेको छ । यसबर्ष पदाधिकारी सबिधामा रु 7949000 खर्च भएको छ । पालिकालाई प्राप्त भएको सबै अनुदान र राजस्व बाँडफाँडको रकमबाट ६७ प्रतिशत चालु र 33 प्रतिशतमात्र पूँजिगत निर्माणमा खर्च भएको देखिन्छ । यसबाट पालिकाहरुले बिकास निर्माण प्रयोजनमा न्युन खर्च गरेको प्रशासनिक प्रयोजनमा बढि खर्च भएको देखिन्छ । प्रशासनिक खर्च नियन्त्रण गर्दै प्राप्त अनुदान र राजस्व बाँडफाँडको रकम अधिकरुपमा बिकास निर्माण प्रयोजनमा परिचालन गरिनुपर्दछ । | |
| ११ | | | **लक्ष्य प्रगति**<br>लक्ष्य प्रगति : कार्यालयको चौमासिक प्रगती विवरण बनाई पेश गर्नुपर्नेमा कार्यालयले सञ्चालन गरेका स्थानीय स्तर, जिल्ला स्तरिय तथा केन्द्रिय स्तरियका 592 योजनाको नियम बमोजिमको उल्लिखत ढाँचामा चौमासिक प्रगती विवरण तयार गरेको देखिएन । बजेट खर्च गर्ने तथा खर्चको तोकिएको ढाँचामा बार्षिक प्रगति तयार नगर्ने कार्यकारी, प्राविधिक कर्मचारीलाई जिम्मेवार बनाउनु पर्दछ । | |

| कार्यक्रम/योजना | कुल कार्यक्रम | वार्षिक प्रगति स्थिती | | | |
|---|---|---|---|---|---|
| | | शून्य प्रगती | २५%सम्म प्रगति | ५०% सम्म प्रगति | ७५% सम्म प्रगति |
| कार्यक्रम संख्या | 592 | 10 | 0 | 0 | 582 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १२ | | | **प्रशासकीय सँगठन र कर्मचारी व्यवस्थापन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ८३ बमोजिम स्थानीय तहको कार्यबोझ, राजस्व क्षमता, खर्चको आकार र स्थानीय आवश्यकता समेतलाई ध्यानमा राखी कर्मचारी समायोजन भएपछि मात्र संगठन तथा व्यवस्थापन सर्वेक्षणका आधारमा स्थानीय तहमा संगठन संरचना कायम हुने व्यवस्था छ । पालिकामा प्रमुख प्रशासकीय अधिकृत सहित 30 दरबन्दी स्वीकृत रहेकोमा लेखापरीक्षण अवधि सम्म प्रमुख प्रशाकीय अधिकृत सहित 24 जना पदपूर्ती भएको देखिन्छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार कार्य व्यवस्थापनका दृष्टिकोणले महत्वपूर्ण मानिएका लेखा अधिकृत सहित 6 पदहरु रिक्त रहेका छन् । दरबन्दी बमोजिम जनशक्तिको पूर्णता नहुँदा विषयगत कार्यक्रम सञ्चालन, सेवा प्रवाह तथा पालिकाको समग्र कार्य सम्पादनमा असर परेको स्थिति छ । तसर्थ रिक्त पदहरु यथाशक्य छिटो पूर्ति गरी सेवा प्रवाह प्रभावकारी बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १३ | | | **अवकास कोष**<br>अवकाश कोष – स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ९१ बमोजिम स्थानीय तहले स्थानीय सेवाका आफ्नो दरबन्दीमा कार्यरत प्रत्येक कर्मचारीले खाईपाई आएको मासिक तलबबाट १० प्रतिशत रकम कट्टा गरी सो रकम बराबरले हुन आउने रकम थप गरी जम्मा गर्नुपर्ने व्यवस्था छ । उक्त कोषमा गत वर्षको मौज्दात रु ३१२००० कायम रहेको छ । तर उक्त कोषको संचालन सम्बन्धी पालिकाबाट कुनै ऐन कानूनको व्यवस्था भएको देखिएन । कर्मचारी अवकाश कोष सम्वन्धी कार्यविधि तयार गरि लागु गर्नुपर्दछ । | |
| १४ | | | **स्थानीय तथ्याँङ्क अभिलेख तथा स्रोत नक्साङ्कन**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ११ बमोजिम स्थानीयतहले आफ्नो क्षेत्रभित्रको आधारभुत तथ्याङ्क संकलन, अभिलेख र सोको ब्यवस्थापन गर्नुपर्ने तथा आफ्नो क्षेत्रभित्रको शैक्षिक, भौगोलिक अवस्था, प्राकृतिक श्रोत अन्तर्गत खानी, जंगल तथा अन्य श्रोत, पूर्वाधार अन्तर्गत सडक, पुल, खानेपानी लगायतको अभिलेख तथा श्रोत नक्साङ्कनसहितको पालिकाको प्रोफाइल तयार गर्नुपर्ने ब्यवस्था छ । पालिकाले स्थानीय तथ्याङ्क सम्बन्धी नीति, कानून र सोको मापदण्ड बनाएको तथा स्रोत नक्साङ्कन गरेको देखिएन । स्थानीय तहका हरेक प्राथमिकीकरणका क्रियाकलाप सञ्चालनमा तथ्याङ्कले महत्वपूर्ण भुमिका खेल्ने हुँदा सोको संकलन र अभिलेख राख्ने कार्यमा पहल हुनु आवश्यक छ । तथ्याङ्कवेगर प्राथमिकतामा राखिएका योजना, बजेट, प्रक्रिया र कार्यान्वयनले उचित सार्थकता नपाउने हुँदा यस तर्फ पालिकाले अभिलेख ब्यवस्थापनमा ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १५ | | | **सेवा प्रवाह िस्थति**<br>सेवाप्रवाहको स्थिति : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ अनुसार स्थानीय तहले आफ्नो अधिकारक्षेत्र भित्रका विषयमा ऐन बनाउन तथा सोको अधिनमा रही आवश्यकता अनुसार नियम, निर्देशिका, कार्यविधि र मापदण्ड बनाई कार्यान्वयनमा ल्याउन सक्ने ब्यवस्था अनुसार 13 वटा ऐन, 6 वटा नियमावली १ आचारसहिता १ विधेयक १ मापदण्ड र 18 बटा कार्यबिधि स्वीकृत गरी कार्यान्वयनमा ल्याएको छ । यस वर्ष पालिकाबाट निम्नअनुसार सेवाप्रवाह गरेको विवरण प्राप्तभएको छ :<br><br>विवरण — जम्मा<br>स्वीकृत घरनक्सा दर्ता पास — १<br>पञ्जिकरणतर्फ —<br>जन्मदर्ता — ६६५<br>मृत्युदर्ता — १४८<br>बसाईसराई दर्ता — ६०<br>विवाह दर्ता — १७४<br>सम्बन्धविच्छेद दर्ता — २<br><br>स्थानीय सरकार सञ्चालन ऐन,२०७४ अनुसार पालिकाबाट प्रदान गरिने सेवाप्रवाहमध्ये पञ्जिकरण बाहेकका अन्य सेवा सञ्चालनमा सन्तोष जनक देखिएन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>१६</td><td></td><td></td><td>योजना छनौट र कार्यान्वयन<br>योजना छनौट र कार्यान्वयन : स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २४ बमोजिम स्थानीय तहले योजना बनाउँदा सहभागितमूलक, उत्पादनमूलक र प्रतिफल प्राप्त योजना छनौट गरि प्राथामिकीकरण गर्नुपर्ने व्यवस्था छ । सभाबाट स्वीकृत बार्षिक गाउँ विकास योजना २०७७÷७८ को अध्ययन गर्दा पालिकाले स्वीकृत गरी सञ्चालन गरेको अधिकांश योजना न्यून बजेट भएका र लागत प्रभावी हुने किसिमले संचालन गरेको पाइएन । पालिकाले यस वर्ष संचालन गरेका योजना देहाय अनुसार छन् ।
<table>
<tr><th>रु १ लाख सम्म</th><th>रु १ लाख देखि २ लाखसम्म</th><th>रु २ लाखदेखि ५ लाखसम्मका</th><th>रु ५लाख देखि १० लाखसम्मका</th><th>रु १० लाखभन्दा बढीको</th><th>जम्मा</th></tr>
<tr><td>४०</td><td>५८</td><td>६१</td><td>९</td><td>१६</td><td>१८४</td></tr>
</table>
उपरोक्त विवरण अनुसार पालिकाले यस वर्ष रु.१ लाख सम्मका ४० वटा योजना सचालन गरेकोमा रु १ लाख. देखि..१० लाख सम्मका जम्मा 128 वटा योजना संचालन गरेकोमा रु.१ लाख भन्दा मुनिका मात्र 40 वटा योजनाहरु रहेका छन् । त्यसैले साना रकमका धेरै योजनाहरु संचालन गर्दा कार्यालयको जनशक्ति वर्षै भरि योजना व्यवस्थापनमा खटिनु पर्ने, संचालित योजनाबाट प्रतिफल भन्दा चालु प्रकृत्तिका कार्यमा बढी खर्च भई लागत प्रभवी नहुने तथा निर्माण कार्यको गुणस्तरमा समेत नकारात्मक असर पर्ने अवस्था तर्फ ध्यान दिनु पर्दछ ।</td><td></td></tr>
<tr><td>१७</td><td></td><td></td><td>न्यायिक समिती<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ४६ देखि ५३ सम्म अधिकार क्षेत्र तथा न्याय सम्पादन प्रक्रियाको व्यवस्था गरेको छ । समितिमा परेको उजुरीमध्ये मेलमिलाप प्रकृतिका आधारमा विवाद दर्ता भएको ३ महिनाभित्र टुङ्गो लगाउने व्यवस्था छ । तर लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार गतबर्ष फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउन बाकी 2 र यो बर्ष थप भएको 3 गरी कुल 5 विवाद दर्ता भएकोमा 2 वटा मात्र फछ्र्यौट भई 3 बाँकी देखिन्छ । न्याय सम्पादन प्रक्रियालाई ऐनले तोकेको म्यादभित्र फछ्र्यौट वा कारबाही किनारा गरी टुङ्गो लगाउनुपर्दछ ।</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १८ | | | **स्थानिय तहका पदाधिकारी सुविधा**<br>स्थानीय तहका पदाधिकारी सुविधा : नेपालको संविधानको धारा २२७ मा गाँउ सभा तथा नगरसभाका सदस्यले पाउने सुविधाका सम्बन्धमा प्रदेश कानूनबमोजिम हुने ब्यवस्था अनुसार सुदुरपश्चिम प्रदेश संसदले स्थानीय तहका पदाधिकारी तथा सदस्यहरुको सुविधा सम्बन्धी ऐन, २०७५ जारी गरेको छ । उक्त ऐनमा भएको ब्यवस्था अनुसार पालिकाबाट देहाय बमोजिम रु. ७३४८५०० सुविधा वापत भुक्तानी भएको छ । | |

| क्र.स. | विवरण | प्रमुख/ अध्यक्ष | उपप्रमुख/ उपाध्यक्ष | वडाअध्यक्ष..5 जना | कार्यपालिका सदस्य 6 जना | सभाका सदस्य15. जना | जम्मा |
|---|---|---|---|---|---|---|---|
| १ | बैठक भत्ता | 24000 | 24000 | 240000 | 288000 | 360000 | 936000 |
| २ | यातायात खर्च | 0 | 108000 | 0 | 144000 | 0 | 252000 |
| ३ | टेलिफोन,मोबाइल | 90000 | 75000 | 262500 | 270000 | 450000 | 1147500 |
| ४ | पुस्तक,पत्रीका, ईन्टरनेट | 75000 | 67500 | 300000 | 270000 | 450000 | 1162500 |
| ५ | समन्वय तथा सहजीकरण | 135000 | 105000 | 450000 | 450000 | 675000 | 1815000 |
| ६ | अतिथि सत्कार | 150000 | 135000 | 525000 | 0 | 0 | 810000 |
| ७ | खानेपानी/बिजुली/सरसफाई | 52500 | 45000 | 150000 | 180000 | 225000 | 652500 |
| ८ | चाडपर्व खर्च | 50000 | 45000 | 160000 | 108000 | 210000 | 573000 |
| | जम्मा | 576500 | 604500 | 2087500 | 1710000 | 2370000 | 7348500 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| १९ | | | **खाना तथा विविध खर्च**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ७१ बमोजिम व्ययको बजेट अनुमान आन्तरिक आयको परिधिभित्र रही औचित्यताको आधारमा विविध खर्च गर्नुपर्ने व्यवस्था छ । तर पालिकाले यस वर्ष खाना तथा विविधतर्फ मात्र रु 337491 खर्च गरेको छ । | |
| २० | | | **आर्थिक सहायता**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा स्थानीय तहको रकमबाट आर्थिक सहायता, चन्दा, पुरस्कार एवं संस्थागत अनुदान वितरण गर्न पाउने व्यवस्था रहेको देखिंदैन । तर पालिकाले अध्यक्ष प्रकोप तथा उद्धार राहत कोष निर्देशिका तयार गरी यस वर्ष रु. 500000 आर्थिक सहायता वितरण गरेको छ । आर्थिक सहायता खर्च लेख्ने कार्यमा नियन्त्रण गर्नुपर्दछ । | |
| २१ | | | **अन्य कार्यालयको खर्च**<br>अन्य कार्यालयको खर्चः स्थानीय सरकार सञ्चालन ऐन २०७४ ले प्रमुख प्रशासकीय अधिकृतले स्वीकृत बजेट खर्च गर्दा तहले खर्च गर्दा नियमितता मितव्यिता प्रभावकारिता कार्य दक्षता र औचित्यता समेतको आधारमा खर्च गर्नु पर्ने व्यवस्था छ । पालिकाले आफ्नो कार्य क्षेत्र भन्दा वाहिरको कार्यालय तथा संघ संस्थाको लागि बजेट विनियोजन गरी गरिएको निम्नानुसार खर्च मितव्ययी र बजेट प्रभावकारी भएको देखिएन गाउँपालिकामा यस्तो प्रकृतीको खर्चले थप व्ययभार वढ्दै जाने देखिन्छ। यस्तो प्रकृतीको खर्चमा नियन्त्रण गर्नुपर्दछ। | |

| क्र स | कार्यलय वा संस्थाको नाम | कामको प्रकृतिको | भुक्तानी रकम | कैफियत |
|---|---|---|---|---|
| १ | नेपाल प्रहरी | मासिक ईन्धन | १० लि | प्रहरि पोष्ट ५ |
| | जम्मा खर्च बार्षिक | | ६०० लिटर | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २२ | | | **ठेक्का व्यवस्थापन**<br>ठेक्का व्यबस्थापनः सार्वजनिक खरिद ऐन,२०६३ तथा नियमावली,२०६४ बमोजिम सार्वजनिक खरिद व्यबस्थापनका लागि सोझै खरिद, सिलवन्दी दरभाउपत्र तथा बोलपत्रको माध्यमबाट गर्नुपर्ने व्यबस्था छ । नगरपालिकाबाट संचालित योजनाको निर्माण कार्य देहाय बमोजिम भएको देखिन्छः(रु.हजारमा) | |
| २३ | | | **सवारी साधन खरिद**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४, केन्द्रीय सरकार र तालुक संघीय मन्त्रालयको परिपत्र, निर्देशन समेतको आधारमा आफ्नो आन्तरिक आम्दानीबाट मात्र सवारी साधन खरिद गर्नु भनिएकोमा केन्द्रीय सरकारको वित्तिय समानिकरण अनुदानको मौज्दात रकमबाट भुक्तानी दिन मिल्ने देखिदैन । अर्थ मन्त्रालयको स्थानीय तहमा बजेट तर्जुमा कार्यान्वयन आर्थिक व्यवस्थापन तथा सम्पती हस्तान्तरण सम्बन्धी निर्देशिका, २०७४ को निर्देशन नं. ५.१५ अनुसार नेपाल सरकारबाट उपलब्ध गराइएको बजेट तथा स्रोत साधनबाट कार्यालयको नियमित प्रयोजनको लागि सवारी साधन खरिद गर्न नपाईने व्यवस्था छ । लेखापरीक्षणको क्रममा प्राप्त विवरण अनुसार पालिकाले 4 थान दुई पांग्रे सवारि साधन खरिदमा रु 1183500, तथा 1 थान डोजर/लोडर खरिदमा रु 3524000 खर्च गरेका छन् । | |
| २४ | | | **आयको अनुमान**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा बजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आयसमेतको ब्यवस्थापन गर्न सक्ने ब्यवस्था छ । पालिकाले पेश गरेको आय–व्ययको अनुमानमा आन्तरिक आयतर्फ मालपोत, कर, सेवा शुल्क, दस्तुर वापत अनुमानित रु. २,६८,६४,३६०आय प्राप्त हुने प्रक्षेपण गरेकोमा आर्थिक वर्ष २०७7।७8 मा रु. 4101914.3 अर्थात अनुमान भन्दा 85 प्रतिशत कम आय प्राप्त गरेको छ । आम्दानीका अन्य स्रोतको पहिचान गरी आयको अनुमान यर्थाथपरक बनाई आय आर्जन बृद्धि गर्नेतर्फ विशेष ध्यान दिन आवश्यक देखिएको छ । | |

Table within item २२:

| **कुल निर्माण खर्च** | **सोझै खरिद** | | **सिलबन्दी दरभाउपत्र** | | **बोलपत्र** | | **तेश्रो चौमासिकमा व्यवस्था भएको** | |
|---|---|---|---|---|---|---|---|---|
| | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** | **संख्या** | **रकम** |
| **1342**134200000 | 0 | 0 | 1 | 1400000 | 5 | 4करोड | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २५ | | | **आन्तरिक आय**<br>स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा ६६ बमोजिम स्रोत अनुमान तथा वजेट सीमा निर्धारण समितिले पालिकामा प्राप्त हुने आन्तरिक आय समेतको व्यवस्थापन गर्न सक्ने व्यवस्था छ । पालिकाले आर्थिक वर्ष २०७७।७८ मा केन्द्रीय अनुदानबाट गरेको खर्चका तुलनामा आन्तरिक आयको स्थिति देहाय बमोजिम छ ।<br><table><tr><td>केन्द्रिय अनुदानबाट खर्च</td><td>आन्तरिक आय</td><td>आन्तरिक आय प्रतिशत</td></tr><tr><td>४१३७०२०८६</td><td>4101914.3</td><td>0.99</td></tr></table><br>उपरोक्त विवरण अनुसार स्थानीय तहमा प्राप्त केन्द्रीय अनुदानबाट भएको खर्चको तुलनामा आन्तरिक आयको हिस्सा 1 प्रतिशत मात्र रहेको छ । त्यसैले पालिकाको आन्तरिक आय संकलनको दायरालाई फराकिलो पार्दै आन्तरिक आय बृद्धि गर्नेतर्फ ध्यान दिनुपर्ने देखिन्छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २६ | | | **कर तथा शुल्क असूली**<br>स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ५५, ५७, ५८ र ५९ मा एकीकृत सम्पत्ति कर र घरजग्गा कर, घरजग्गा वहाल कर, व्यवसाय कर र वहाल विरौटी शुल्क उठाउने व्यवस्था रहेको छ । ती आय शीर्षकमा आय अनुमान र असुली स्थिति निम्नानुसार रहेको देखिन्छ ।<br><br>पालिका भित्र रहेका करदाताहरुको अभिलेख व्यवस्थित नरहेको एवं बुझाउन ल्याएको अवस्थामा मात्र कर एवं शुल्क बुझी परिपाटी रहेकोले उल्लिखित असुली यथार्थ मान्न सक्ने अवस्था देखिएन ।तसर्थ आफ्नो क्षेत्रभित्र करदाताको अभिलेख अद्यावधिक गरी करको दायारामा ल्याउनु पर्दछ । | |

| **आय शीर्षक** | **अनुमान** | **असुली** | **असुली प्रतिशत** |
|---|---|---|---|
| एकीकृत सम्पत्ति कर र घरजग्गा कर | 400000 | 229387 | 57=34 |
| घरजग्गा वहाल कर | 900000 | 287900 | 31=98 |
| व्यवसाय कर | 135000 | 123713 | 91=64 |
| वहाल विरौटी शुल्क | 100000 | 0 | 0 |
| भुमिकर/मालपोत | 800000 | 658099.3 | 82=26 |
| बैक मौज्दात | 26864360 | 10157485.7 | 37=81 |
| अन्य कर | 7665000 | 3035124 | 39=60 |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| २७ | | | **लागत सहभागिता**<br>पालिकाले आयोजना/कार्यक्रम छनौट गर्दा उपभोक्ता समितिको तर्फबाट नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्ने, नगद सहभागिता तोकिएको अवस्थामा सहभागिता वापतको रकम सम्बन्धित स्थानीय तहको खातामा दाखिला गरी सो को भौचर प्राप्त भएपछि मात्र उपभोक्ता समितिसँग योजना सम्झौता गर्नुपर्ने गर्नुपर्दछ । तर पालिकाले लागत सहभागिता सहितका लागत अनुमान तयार गरेको देखिएन् । अतः नगद लागत सहभागिता जुट्ने आयोजनालाई प्राथमिकता दिनुपर्दछ । | |
| २८ | | | **उपभोक्ता समितिबाट भएको निर्माण कार्य**<br>सार्वजनिक खरिद नियमावली,२०६४ को नियम ९७ को उपनियम १० मा उपभोक्ता समिति वा लाभ ग्राही समुदायले पाएको काम आफैले सम्पन्न गर्नुपर्ने र कुनै निर्माण व्यवसायी वा सव कन्ट्क्टरबाट काम गराउन सकिने छैन भन्ने उल्लेख छ । त्यस्तै नियम ९७(९) बमोजिम उपभोक्ता समिति वा लाभग्राही समुदायबाट सञ्चालित हुने निर्माण कार्यमा लोडर, एक्साभेटर, डोजर, ग्रेडर, बिटुमिन डिष्ट्रिब्युटर, बिटुमिन ब्वाईलर जस्ता हेभी मेसिन प्रयोग गर्न सकिने छैन भन्ने व्यबस्था छ ।यस गाँउपालिकाले ब्यकहो लोडर संचालन तथा ब्यबस्थापन कार्यबिधि, २०७७ (गाँउपालिकाको) नियम ६(ख) मा उपभोक्ता समितिलाई भाडामा सो ब्याकहो उपलब्ध गराउन सकिने ब्यबस्था गरेको र सोही कार्यबिधिको अनुसूची १ मा सो सम्बन्धी निबेदनको ढाँचा समेत समाबेश गरेको छ । संघिय कानूनको बिपरित उपभोक्ता समितिलाई मेशिन प्रयोग गर्न दिने गरी ब्यबस्थानै गरेर यस नवदुर्गा गाउँपालिकाले २०७७/८/१९ मा सुवाकोट सडक निर्माण कार्यको लागि रू. २३,००,०००/- मा सम्झौता गरी रू. १६,५०,०००/- भुक्तानी लगेकोमा नियमावलीको उपरोक्त प्रावधान विपरीत दिव्यज्योति निर्माण सेवाला ्इ रू. १५,९९,४२३/३४ भुक्तानी दिएकोले यसरी उपभोक्ता समितिले गर्ने काम निर्माण व्यवसायीला ्इ दि ्इ कार्य गरेकोले अनियमित भएको रू. | १,५९९,४२३.३४ |
| २९ | | | **वैंक ग्यारेन्टी पेश हुनुपर्ने**<br>सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ११३(३) मा सार्वजनिक निकायले पेश्की दिँदा निर्माण व्यवसायीले पेश्की रकम खाम्ने गरी बैक ग्यारेण्टी पेश गर्नुपर्ने व्यवस्था गरेको छ । न्यू ड्रयागन स्वर्गद्वारी जे.भी. ला ्इ भवन निर्माणको लागि मिति २०७७ आश्विन २ गतेको सम्झौता अनुसार रू. ३५,६०,०००/- पेश्की उपलब्ध गराएकोमा उक्त पेश्कीको म्याद २०७८/६/२३ मा सकिएको छ । यसरी मोबिलाइजेशन पेश्की फछ्र्यौट नहुदै म्याद समाप्त भएकोले उक्त पेश्की रकम बराबरको बैंक ग्यारेन्टी पेश गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
| --- | --- | --- | --- | --- |
| ३० | | | **अपुग जनश्रमदान**<br>२६२-२०७८/३/३२ कागती पकेट क्षेत्र निर्माण उपभोक्ता समितिला ्इ रू. ६,०१,०००/- जनश्रमदान गर्ने र पालिकाकोतर्फबाट रू. १२,९३,४८६/- भुक्तानी गर्नेगरी सम्झौता भएकोमा जनश्रमदान केवल रू. ४,५०,७५०/- मात्र भएकोले नपुग रकम रू. १,५०,२५०/- उपभोक्ता समितिबाट कट्टा गर्नुपर्ने रू.<br><br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू १५०२५०।–मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitization गर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| ३१ | | | **सिप विकास**<br>गो भौ नं. ३५ २०७७/९/२३: प्रारम्भिक पढाई सिप विकासका लागि न्यूनतम प्याकेज कार्यान्वयन अन्तर्गत कक्षा १ देखी ३ सम्मका लागी प्रतिकक्षा रु ३ हजारका दरले रु ९००० का दरले प्रति विद्यालय अनुदान उपलब्ध गराउने र विद्यालयले प्रतिकक्षा १ सेट सिकाई सामाग्री र प्रति विद्यार्थी एक सेट अभ्यास पुस्तिका खरिद गर्नुपर्ने व्यवस्था छ । यस गाउँपालिकाले २ र ३ कक्षाका लागि अभ्यास पुस्तिका आफै छपाई गरि रु ३१०००० भुक्तानी गरेको छ । सशर्त बजेट अन्तर्गतका कार्यक्रम कार्यविधि बमोजिम सञ्चालन गर्नुपर्दछ । | |
| ३२ | | | **विद्यालय अनुदान**<br>गो भौ नं. २०४ २०७८/३/६: विश्वव्यापी कोभिड¬ १९ को महामारीको समयमा लकडाउन ले गर्दा विद्यालय बन्द रहेको अवस्थामा गाउँपालिकाले प्रअ बैठकबाट निर्णय गराई विद्यालय सञ्चालन भएको जनाइ चैत्र र बैशाख महिनामा दिवा खाजाका लागि विभिन्न विद्यालयलाई रु १६०७३४० अनुदान भुक्तानी गरेको छ ।<br>कक्षा ८ को परिक्षा आन्तरिक मूल्याङ्कनको आधारमा गरिएकोमा परिक्षा व्यवस्थापन अनुदान वापत रु १०४००० भुक्तानी गरेको छ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३३ | | | **राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम**<br>राष्ट्रपति शैक्षिक सुधार कार्यक्रमः आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यक्रम अन्तर्गत देहायका विद्यालयलाई २ कोठे भवन निर्माणको लागी पेश्की प्रदान गरेकोमा विद्यालयले भवन निर्माण कार्यसम्पन्न लगायतका कागजात पेश गरि पेश्की फर्छौट गर्नुपर्दछ ।<br><table><tr><td>गो भौ नं.</td><td>विद्यालयको नाम</td><td>रकम</td></tr><tr><td>२००-२०७८/३/६</td><td>भैरव प्रा वि सुनकोट</td><td>६०००००</td></tr><tr><td>२०२-२०७८/३/६</td><td>कैलपाल प्रा वि वेलपुर</td><td>६०००००</td></tr><tr><td>२०५-२०७८/३/७</td><td>मणिलेक आ वि</td><td>६०००००</td></tr></table> | |
| ३४ | | | **परामर्श सेवा**<br>गो भौ नं. ३०३ २०७८/३/२२: परामर्श सेवा गाउँपालिकाले एकिकृत स्वास्थ्य पोषण तथा खाद्य सुरक्षा कार्यक्रम अन्तर्गत सामाजिक विकास तथा अनुसन्धान केन्द्र नेपाल मार्फत रु ४७९८२०.६० रु खर्च गरी गाउँपालिकाको स्वास्थ्य नीति निर्माण गरेको छ । यस प्रकृतिका कार्यहरु सञ्चालन गर्दा कार्यालयमा उपलब्ध जनशक्तिको प्रयोग गर्ने तर्फ उचित ध्यान दिनुपर्दछ । | |
| ३५ | | | **बढी भुक्तानी**<br>कार्यसञ्चालन निर्देशिका, २०७५ मा गोष्ठी, सेमिनार, कार्यक्रम को प्रतिवेदन तयार गरेवापत रु १००० भुक्तानी लिन सकिने व्यवस्था रहेको छ । गाउँपालिकामा बल विकास सहजकर्ता प्रशिक्षण कार्यक्रम को प्रतिवेदन तयार गरेवापत रवि कुमार चौधरी ले रु २१२५ भुक्तानी लिएकाले बढी भुक्तानी असुल गर्नुपर्ने रु...<br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू ११२५।–मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitizationगर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३६ | | | **भैसी प्रवर्द्धन कार्यक्रम**<br>लागत साझेदारीमा भैसी प्रवर्द्धन कार्यक्रममा भेटनरी अस्पतालको रु २५००००० , नेपाल सरकार सशर्त अनुदान रु २१८०००० , गाउँपालिकाको रु २१८००० र कृषकको तर्फबाट रु ६९७९६०० व्यहोर्ने गरी नवदुर्गा भैसिपालन मूल समन्वय समिति रु १ करोड ३८ लाख ३९ हजार ६०० मा सम्झौता भएको छ । सम्झौतामा ६८ भैसी खरिद गर्ने ६८ गोठ निर्माण गर्ने तथा १ वटा दुध संकलन केन्द्र स्थापना गरी सञ्चालन गरिने उल्लेख गरिएको छ । | |
| ३७ | | | **कार्यसम्पन्न तयार गरि पेश हुनुपर्ने**<br>गोठ निर्माण अन्तर्गत प्रति गोठ रु १ लाख लागत अनुमान रहेकोमा गाउँपालिकाले ८० प्रतिशत र लाभग्राहीले २० प्रतिशत व्यहोर्नुपर्नु सम्झौता रहेको छ । कार्यक्रमको भुक्तानी दिने क्रममा ६८ वटा गोठको कार्यसम्पन्न पेश गर्नुपर्नेमा गाउँपालिकाले सबै गोठको एउटै कार्यसम्पन्न प्रतिवेदन तयार गरी ६८ ले गुणन गरि जम्मा कार्यसम्पादन प्रतिवेदन तयार गरेको पाइयो । तर स्थलगत अनुगमन गर्दा सबै गोठ एउटै प्रकारमा नवनेको, लागत अनुमानमा भएबमोजिम वाल नबनाएको, गहुँत संकलन गर्ने ठाउँ नबनाएको पाइयो । तसर्थ सबै गोठको एउटै कार्यसम्पन्न तयार गरि भुक्तानी दिँदा वास्तविका कार्य र भुक्तानी रकम फरक पर्ने देखिन्छ । अत सबै गोठको छुट्टछुट्टै लागि कार्यसम्पन्न तयार गरि पेश गर्नुपर्ने रु...<br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू ६८०००००।–मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitizationगर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| ३८ | | | **दुध सँकलन केन्द्र**<br>रु १ लाख ७० हजार लागत अनुमान भएको दुध संकलन केन्द्र निर्माण सम्पन्न भएको छ । उक्त केन्द्रमा गाउँपालिकाले रु १ लाख तथा भेटेनरी अस्पतालले १ लाख गरी २ लाख को सामान खरिद गरी हस्तान्तरण गरेकोमा उक्त केन्द्र हाल सम्म सञ्चालनमा आउन सकेको छैन । जसले गर्दा लाभग्राहीले लाभ लिन सकेको पाईदैन । यस्ता संरचनालाई अविलम्व सञ्चालनमा ल्याउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ३९ | | | **वढी भुक्तानी**<br>गो भौ नं. १० २०७८/३/३१: वडा नं. २ मा २०७८/२/१९ मा १ दिने अभिमुखिकरण गोष्ठी सञ्चालन भएकोमा कार्यक्रमका प्रशिक्षक शिला कुमारी चौधरी, देवदत्त अवस्थी र सुना कुमारी सिंहले २ दिनको रु १५०० को दरले भत्ता भुक्तानी लिएको पाइयो । कार्यक्रम सञ्चालननै नभएको अवधिको भुक्तानी भएको भत्ता कर बाहेक प्रति व्यक्ती रु १२७५ को दरले असुल गर्नुपर्ने रु.<br>***कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू ३८२५।–मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitizationगर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो।***<br>**३९.१** सोही कार्यक्रमा हलभाडा वापत २ दिनको हलभाडा रु १५०० को दरमा भुक्तानी लिएकोले १ दिनको हलभाडा असुल गर्नुपर्ने रु.<br>***कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू १५००।–मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitizationगर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो।*** | |
| ४० | | | **खर्च एकिन नभएको**<br>गो भौ नं. १० २०७७/७/२३: कोरोना महामारी रोकथाम नियन्त्रण तथा व्यवस्थापन बाट वडा नं. २ को कोरोना व्यवस्थापन खर्च वापत वडा अध्यक्ष रघुनाथ भट्टलाई कोरोना विरामीलाई ओसारपसार गरेवापत गाडीभाडा वापत रु ४०००० तथा खाना नास्ता खर्च वापत रु ११२०० गरी रु. ५१२०० भुक्तानी गरेको छ । तर भौचरको साथमा क्वारेन्टाईनमा सहभागी व्यक्तीको आधारभुत जानकारी समेत संलग्न गरेको पाइएन । व्यक्तिगत विवरण विना क्वारेन्टाईनमा राख्न नपाइने अवस्थामा विवरण पेश नगरी गरिएको खर्च वास्तविक खर्च नै भएको भन्ने यकिन गर्न नसकिने रु..<br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू ५१२००।–मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitizationगर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| ४१ | | | **शिक्षक दरवन्दी र पदपूर्ति**<br>शिक्षक दरवन्दी र पदपूर्ति - स्थानीय तह अन्तर्गत रहेका सामुदायिक विद्यालयहरुमा दरबन्दी अनुसार शिक्षकको पदपूर्ति भई नियमित पठनपाठनको व्यवस्था हुनुपर्दछ । यस स्थानीय तह अन्तर्गत विभिन्न तहका 28 सामुदायिक विद्यालयहरुमा २३३ जना शिक्षक दरवन्दी रहेकोमा र २३३ नै पदपुर्ती रहेको छ । पदपुर्ती संख्या मध्ये १५० जना करारमा रहेका छन् । दरबन्दी बमोजिम शिक्षक पदपूर्ति गर्नुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४२ | | | **स्वयंसेवक शिक्षक**<br>स्वयंसेवक शिक्षक – अन्तर सरकारी वित्त व्यवस्थापन ऐन, २०७४ को दफा ९ ले स्थानीय तहलाई स्वीकृत दरबन्दी भित्रका शिक्षकको तलब भत्ता बापत सशर्त अनुदान उपलब्ध गराउने व्यवस्था छ । तर पालिकाले स्वीकृत दरबन्दीभित्र नपरेका एवं विद्यालयले गत विगतदेखि नै आन्तरिक स्रोतबाट तलब भत्ता व्यहोरेका शिक्षकलाई वित्तीय समानीकरण अनुदानबाट रु ४६३३००० तलब भत्ता भुक्तानी गरेको पाईयो । | |
| ४३ | | | **औषधी खरिद**<br>औषधी खरिद – सार्वजनिक खरिद नियमावली, २०६४ को नियम ८५ को उपनियम १(क) मा बिस लाख रुपैयाँसम्मको औषधिजन्य मालसामान उत्पादकले राष्ट्रिय स्तरको समाचार पत्रमा सूचना प्रकाशन गरी तोकेको बिक्री मूल्यमा सोझै खरिद गर्न सकिने व्यवस्था भए छ । तर स्थानीय तहहरुले उक्त प्रक्रियावेगर रु १८०५४४२ का औषधि खरिद गरेको छ । यस सम्बन्धी देखिएको व्यहोराहरु निम्नानुसार छनः<br>खरिद गरेका उक्त औषधि कुन औषधि कम्पनीबाट उत्पादन भएको हो र सोको मूल्य राष्ट्रिय पत्रपत्रिकामा प्रकाशन समेत भएको नदेखिएको,<br>आपूर्ति हुने औषधि डव्लु.एच.ओ. सटिफइड हुनुपर्ने औषधिको उत्पादन मिति, ब्याच नं र म्याद समाप्त मिति उल्लेख गरी सम्बन्धित विषय विज्ञबाट मुचुल्का उठाई राख्ने नगरेको तथा उक्त औषधि बिक्रीको लागि होइन खुलाएको प्रमाण समावेश नभएको,<br>आपूर्ति भएका औषधी एंवम सर्जिकल समान स्टोर दाखिला हुनुअघि स्पेशीफिकेशन अनुसार भए/नभएको नखुलाएको कारण औषधिको गुणस्तर र म्याद सम्बन्धमा यकिन गर्न सकिएन ।<br>औषधिको जिन्सी कितावमा आम्दानी बाँध्दा खरिद गरेको र जिल्लाबाट हस्तान्तरण भई आएको खुल्ने गरी व्यवस्थित रुपमा आम्दानी बाँध्ने नगरेको,<br>तसर्थ औषधिको खरिद, आपूर्ती, दाखिला तथा खर्चको विवरण अद्यावधिक हुने गरी अभिलेख राख्ने, तोकीएको गुणस्त अनुसारकै औषधि प्राप्त भएको नभएको एकीन गरी हस्तान्तरण तथा खरिद गरिएको औषधिको विवरण खुल्ने गरी अभिलेख राख्ने तथा आर्थिक वर्षको अन्त्यमा बांकी रहेको औषधिहरु जिम्मेवारी जिन्सी अभिलेख व्यवस्थित गर्नेतर्फ ध्यान दिनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४४ | | | **प्रधानमन्त्री रोजगार कार्यक्रम**<br>प्रधानमन्त्री रोजगार कार्यक्रम – स्थानीय तहमा सूचीकृत बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रत्याभूत गराउन एवम् सामूदायिक पूर्वाधारहरुको विकास मार्फत नागरिकको जीवनयापनमा सुधार ल्याउने उद्देश्यले स्थानीयतहभित्र प्रधानमन्त्री रोजगार कार्यक्रम सञ्चालनमा रहेको छ । प्रधानमन्त्री रोजगार कार्यक्रम संचालन निर्देशिका, २०७५ को दफा २(१) बमोजिम नगरपालिकाले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरेर, सुचीमा समावेश भएकाहरुलाई प्राथमिकिकरण गरी प्राथमिकता क्रम अनुसार, कामका लागि रोजगार कार्यक्रममा संलग्न गराई रोजगारी दिनुपर्ने व्यवस्था रहेकोमा, कार्यालयले बेरोजगारको तथ्याङ्क अद्यावधिक गरी प्रथमिकिकरण गरेको छ । कामका लागी रोजगार कार्यक्रम कार्यान्वियनका लागि निर्देशिकामा उल्लेखित व्यवस्थाहरुको पालना नगरी अत्याधिक संख्यामा योजना छनौट भएको, पूर्वाधार एवम् अन्य विकास निर्माणका लागि अधिकाँश योजना छनौट नभई, अनुत्पादनमुलक कार्य गराउने गरी योजना छनौट भएका छन् । साथै श्रमिकको संख्या पनि अत्याधिक रहेकोले कार्यक्रमको उद्देश्य अनुरुप लक्ष्य हाँसिल गर्ने गरी कार्यान्वियन भएको पाईएन । यस कार्यक्रम अन्तर्गत स्थानीय तहभित्रका वडाहरुमा सडक नाला, मोटर बाटो, इनार, प्रतिक्षालय निर्माण कार्य लगायतका कार्यक्रम सञ्चालन गरी यस वर्ष ८६८ जनालाई रोजगारी उपलव्ध गराई रु ३०२६२००० खर्च गरेको छ । लक्षित वर्गलाई ३० दिनदेखि १०० दिनसम्म रोजगारी उपलब्ध गराई श्रमिक ज्याला, प्रशासनिक र कार्यक्रम खर्च समेत खर्च लेखेका छन् । उक्त खर्चवाट लक्षित वर्गमा अल्पकालीन रोजगारी सृजना भए तापनि कामको दीगोपना तथा दीर्घकालीन रोजगारी सृर्जना भएको देखिंदैन । गाउँपालिकाले यस वर्ष कार्यक्रमअन्तर्गत ५ वटै वडामा गरी १३६ वटा आयोजना सञ्चालन गरेको छ । | |
| ४५ | | | **सोझै खरिद**<br>सार्वजनिक खरिद ऐन, २०६३ को दफा ८ बमोजिम प्रतिस्पर्धा सिमित नहुने गरी खरिद गर्नुपर्ने व्यवस्था छ । त्यस्तै सार्वजनिक खरिद नियमावलीमा रु.५ लाखसम्मको खरिद कार्य सोभैm गर्न सकिने, रु.५ लाखभन्दा माथि रु.२० लाखसम्म सिलबन्दी दरभाउपत्रबाट र सोभन्दा माथि बोलपत्रको माध्यमबाट खरिद गर्ने व्यवस्था छ । त्यस्तै सोभैm खरिद कार्य गर्दा एक आर्थिक वर्षमा सीमाभन्दा बढीको खरिद गर्न नहुने एवं एउटा आपूर्तिकर्तासंग एक पटकभन्दा बढी सोभैm खरिद गर्न नहुने उल्लेख छ । पालिकाहरुले यो वर्ष पूँजीगत तथा चालु किसिमका वस्तु वा सेवा खरिद गर्दा प्रतिस्पर्धात्मक विधि नपनाइको निम्नानुसार रु १३००००० को सोझै खरिद गरेको देखियो । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४६ | | | **कन्टिन्जेन्सी खर्चको अभिलेख**<br>कन्टिन्जेन्सी खर्चको अभिलेख : सार्वजनिक खरिद नियमावली २०६४ को नियम १०(७) अनुसार लागत अनुमान तयार गर्दा लागत अनुमानको ५ प्रतिशतमा नबढ्ने गरी कन्टिन्जेन्सी खर्च समावेस गर्न सकिने र नेपाल सरकार अर्थ मन्त्रालयको मिति २०७०।१।१५ को निर्णयअनुसार खर्च गर्दा पूँजीगत प्रकृतिको २ प्रतिशत र अन्य सानातिना खर्च ३ प्रतिशतभन्दा नबढ्ने गरी खर्च गर्न सकिने ब्यवस्था गरेको छ । कार्यालयबाट योजना कार्यान्वयन गर्ने क्रममा प्रत्येक कार्यक्रम खर्चबाट 4 प्रतिशत का दरले बिलबाट यस्तो रकम कट्टी गर्ने गरेको छ । कार्यालयले आ.व २०७7/७8 मा कन्टीन्जेन्सी बापत रु 945520. कट्टी गरेको छ । यसरी कट्टी गरेको रकमको कार्यक्रमगत कन्टिन्जेन्सी खर्चको अभिलेख खडा गरी राख्नु पर्नेमा राख्ने गरेको छैन । | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>४७</td><td></td><td></td><td>

**डीपीआर खर्च**

डीपीआर खर्च – बजेट व्यवस्था भई कार्यान्वियन हुने आयोजनाको मात्र गुरुयोजना डीपीआर लगायतको अध्ययत गरी प्रतिवेदन तयार गर्नु पर्दछ । यस स्थानीय तहले यो बर्ष स्वीकृत बार्षिक कार्यक्रम अनुसार देहायबमोजिमको कार्य परामर्शदाताबाट गराई प्रतिवेदन प्राप्त गरको छ

<table>
<tr><th>कार्य विवरण</th><th>परामर्शदाता</th><th>स्वीकृत रकम</th><th>खर्च रकम</th><th>अध्ययनबाट निर्धारण भएको आयोजनाको लागत</th></tr>
<tr><td>मणिलेक बृहत खानेपानी सर्भे डिजाइन तथा प्रतिवेदन</td><td>नवदुर्गा इन्जिनियरिङ्ग सोलुसन प्रा.लि</td><td>7,91,000</td><td>7,91,000</td><td></td></tr>
<tr><td>स्लेक चौड सडक विस्तृत परियोजना प्रतिवेदन</td><td>टेम इन्जिनियरिङ कन्सल्टेन्सी प्रा.लि.</td><td>6,71,220</td><td>6,71,220</td><td></td></tr>
<tr><td>कोटेली बृहत खानेपानी स्लेक भैसिकोट तिमिला सिचाई डाडावन खानेपानी सर्भे डिजाइन तथा प्रतिवेदन</td><td>क्रिएटिभ प्वाइन्ट इन्षिच्यूट एण्ड इन्जिनियरिङ्ग सोलुशन प्रा.लि</td><td>7,74,050</td><td>7,74,050</td><td></td></tr>
</table>

यस्तो अध्ययन कार्य गराउँदा लाग्ने खर्चको लागत अनुमान तयार गर्दा कुनै आधार नलिई स्वीकृत बजेट बमोजिमकै रकम खर्च गरेको उपयुक्त देखिएन । डी.पी.आर.तयार गर्दा गाऊँपालिकाको प्राविधिक जनशक्ति प्रयोग नगर्नाको कारण स्पष्ट गर्दै आगामी दिनमा आगामी दिनमा गाऊँपालिकाको प्राविधिक जनशक्तिबाट यस्तो कार्य गराउनु पर्दछ । साथै यसरी अध्ययन प्रतिवेदन तयार भएका आयोजनाहरु कार्यान्वयनमा गएको समेत नदेखिएकोले खर्चको सार्थकता समेत देखिएन ।

</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ४८ | | | **आर्थिक बर्षको अन्त्यमा पेश्की**<br>आर्थिक बर्षको अन्त्यमा पेश्की(सशर्त अनुदान तर्फको)<br>सार्वजनिक खरिद नियमावली, २०६४ अनुसार पेश्की दिदा अनिवार्य लागत अनुमान पेश गर्नु पर्ने ब्यबस्था छ । यस गाँउपालिकाले भौचर नम्बर २४७ (मिति २०७८।०३।१४) बाट भुबनेश्वरी मा.बिको लागि राष्ट्रपति शैक्षिक सुधार कार्यक्रम अन्तर्गत रु २१००००, भौचर नम्बर २५०(मिति २०७८।३।१५) मा बलभद्र मा.बिलाई ल्याब स्थापना कार्यको लागि रु ८३४००० गरी रु १०४४००० पेश्की भुक्तानी गर्दा लागत अनुमान समेत तयार नगरेकोले नियम संगत नभएको रु<br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू १०४४०००।–मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitizationगर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| ४९ | | | **बिल भरपाई**<br>बिल भरपाई:<br>सूदुरपश्चिम प्रदेश सरकार आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३७(३) बमोजिम सरकारी रकम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने ब्यबस्था छ । यस गाँउपालिकाले मिति २०७७।६।१२ मा भौचर नम्बर १७(गाँउपालिका चालु तर्फको) बाट डोजर मर्मत बापतको रु ४१६०० भुक्तानी गर्दा सक्कल कर बिजक र भौचर समाबेस गरेको छैन । सक्कल बिल भौचर पेश गर्नु पर्ने रु<br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू ४१६००।–मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitizationगर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| ५० | | | **स्विकृत बजेट भन्दा बढी खर्च**<br>स्विकृत बजेट भन्दा बढी खर्च:<br>सूदुरपश्चिम प्रदेश सरकार आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३७(३) बमोजिम कार्यालय प्रमुखले बजेटको सिमा भित्र रहि खर्च गर्नु पर्ने प्राबधान रहेको छ । यस गाँउपालिकाले गाँउपालिका चालु तर्फको कोरोना महामारी नियन्त्रण खर्च गर्दा भौचर नम्वर १६२ मिति २०७७।९।१२ मा बिनियोजित २५०,००० भन्दा रु २६१४३।७५ बढी रु २७६१४३।७५ भुक्तानी गरेकोले नियमित गर्नु पर्ने रु<br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू २६१४३.७५ मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitizationगर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| | | | | |

<table>
<tr><th>क्रम</th><th>भौचर नम्बर</th><th>भौचर मिति</th><th>बिषय</th><th>बेरुजु रकम</th></tr>
<tr><td>५१</td><td></td><td></td><td>
पारिश्रमिक कर कट्टी<br>
पारिश्रमिक कर कट्टी(सशर्त अनुदान तर्फ)<br>
आयकर ऐन २०५८ को दफा ८८(१) बमोजिम फुटकर आम्दानीको भुक्तानीमा १५% कर कट्टा गर्नुपर्ने ब्यबस्था छ । यस गाँउपालिकाले व्यक्तिगत घटना दर्ता कार्यक्रममा भौचर नम्बर ११३(२०७७।१२।२६) ७ जना कर्मचारीलाई १० देखि १५ दिन सम्मको दैनिक रु १२०० को दरले पारिश्रमिक भुक्तानी गर्दा निम्न बमोजिमको कर असुल उपर गर्नु पर्ने रु
<table>
<tr><th>सि.न</th><th>कर्मचारीको नाम</th><th>पारिश्रमिक भुक्तानी</th><th>कर बाँकी</th></tr>
<tr><td>1.</td><td>जयन्ती कुमारी सेठी</td><td>१५६००</td><td>२३४०</td></tr>
<tr><td>2.</td><td>चन्द्र देब भट्ट</td><td>१२०००</td><td>१८००</td></tr>
<tr><td>3.</td><td>गणेश शार्की</td><td>१२०००</td><td>१८००</td></tr>
<tr><td>4.</td><td>रमेश बहादुर बोहरा</td><td>१२०००</td><td>१८००</td></tr>
<tr><td>5.</td><td>भान बहादुर बोहरा</td><td>१५६००</td><td>२३४०</td></tr>
<tr><td>6.</td><td>लाल बहादुर बुढा ऐर</td><td>१५६००</td><td>२३४०</td></tr>
<tr><td>7.</td><td>खडक बहादुर नायक</td><td>१८०००</td><td>२७००</td></tr>
<tr><td></td><td>जम्मा</td><td>100800</td><td>१५१२०</td></tr>
</table>
कार्यलयको प्रतिक्रिया उपर<br>
कारवाही हुँदा यस वुदामा रहेको रू १५१२०।–मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitizationगर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो।
</td><td></td></tr>
</table>

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५२ | | | **दैनिक भ्रमण भत्ता**<br><br>सूदुरपश्चिम प्रदेश सरकार आर्थिक कार्यबिधि तथा बित्तिय उत्तरदायित्व नियमावली, २०७६ को नियम ३७(३) बमोजिम सरकारी रकम खर्च गर्दा खर्चको बिल भरपाई सहित लेखा राख्नुपर्ने ब्यबस्था छ ।भौचर नम्बर २७(२०७७।६।१५-गाँउपालिका चालु) न्यायीक समिति अनुगमन मूल्याङ्कन शीर्षकमा चक्र बहादुर बोहरालाई जिल्ला सदरमुकाम डडेलधुरामा बसेर न्यायीक समितिको तथ्याङ्क प्रबिष्ट गरेको भनी दैनिक भ्रमण भत्ता भुक्तानी गरेको देखियो । कार्यालयमानै ईन्टरनेट उपलब्ध रहेको र सो कार्य कार्यालयमानै बसेर गर्न सकिने अबस्थामा पनि दैनिक भ्रमण भत्ता भुक्तानी भएकोले असुल उपर हुनु पर्ने रु<br><br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको रू १५३००।–मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitizationगर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| ५३ | | | **भ्रमण भत्ता**<br>भ्रमण खर्च : सुदुर पश्चिम प्रदेश अन्तर्गतका स्थानीय तहका पदाधिकारी तथा सदस्यले पाउने सुविधा सम्बन्धी ऐन, २०७५ तथा भ्रमण खर्च नियमावली, २०६४ बमोजिम कार्यालयको काममा कर्मचारी तथा पदाधिकारीलाई भ्रमण खर्च भुक्तानी गर्दा देखिएका व्यहोराहरु देहाय बमोजिम छन् .<br>• अधिकांश भ्रमणको उद्देश्य र स्पष्ट प्रयोजन कार्यालयकै कामका लागि भएको हो भनी सुनिश्चित हुने विश्वसनीय आधार नदेखिएको ।<br>• कतिपय भ्रमणहरु पालिका वा कार्यालयसँग असम्बन्धित नगर/गाँउपालिका गएको जनाई सो वापतको खर्च भुक्तानी गर्ने गरेको ।<br>• स्पष्ट प्रयोजन बेगर वडा अध्यक्ष सहितका पदाधिकारीको ७ दिनको भ्रमण आदेश स्वीकृत गरी भुक्तानी गर्ने गरेको ।<br>अतः स्पष्ट प्रयोजन र उद्देश्य बेगर अधिकांश ७ दिनको समयावधी राखी भ्रमण खर्च भुक्तानी गरेको अवस्थाबाट भ्रमण खर्च भुक्तानीमा दुरुपयोगको सम्भावना देखियो । त्यसैले तोकिएको कानुनी व्यवस्थाको पालना गर्दै भ्रमण खर्चमा हुन सक्ने अनियमितता र दुरुपयोग नियन्त्रण गर्न भ्रमण आदेश स्वीकृत गर्ने पदाधिकारीले ध्यान दिनुपर्दछ । | |
| ५४ | | | **डोजर, लोडर, एक्साभेटर मर्मत**<br>डोजर, लोडर, एक्साभेटर मर्मत : गाउँपालिकामा रहेको डोजरको मर्मत तथा ईन्धनमा यो साल कार्यालयले रु ९१७००० खर्च गरेकोमा उक्त डोजर भाडामा लगाएबापत कार्यालयले रु ४४००० मात्र आम्दानी गरेको छ भने पालिकाद्वारा संचालित योजनामा समेत यसको प्रयोग भएको पाईएन । कार्यालयले उपलब्ध मेशिनरीको अधिकतम प्रयोग गर्ने एवम् सरकारी रकम लगानीको उचित प्रतिफल प्राप्त हुने गरि प्रयोग गर्न जरुरी छ | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५५ | | | **सामाजिक सुरक्षा खर्च**<br>सामाजिक सुरक्षा खर्चः सामाजिक सुरक्षा कार्यक्रम संचालन कार्यविधि, २०७५ को दफा १५ बमोजिम कार्यालयले पेश गरेको विवरण अनुसार आ व २०७५।७६ मा कुल ५ वडामा सामाजिक सुरक्षा भत्ता बापत रु ७०१३०९३७/- वितरण गरेको छ ।यस सम्बन्धमा देहायका व्यहोरा देखिएको छ। | |
| ५६ | | | **सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि**<br>सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन कार्यविधि, २०७५ को दफा १२ मा लाभग्राहीको नाम खर्ता तथा नविकरण, लगत कट्टा, तोकिएको मितिभित्रै परिचय पत्र नविकरण गरि सामाजिक सुरक्षा भत्ता वितरण गर्नुपर्ने, लगत अध्यावधिक गर्नुपर्ने तथा दफा २२ मा स्थानिय तहले सर्शत अनुदानको सामाजिक सुरक्षा भत्ता वितरण कार्यक्रम मन्त्रालयको स्वीकृती वेगर हातहातै नगद वितरण गर्न नपाइने उल्लेख छ । गाँउपालिकाले वडा नं १,२,३,४,५ मा बैकिङ्क प्रणाली मार्फत भत्ता वितरण नगरी स्वीकृती विना हातहातै नगद वितरण गरेको पाईयो । एम आई एस प्राणालिका प्रविष्ट गरेको विवरणको समेत विद्युतिय भरपाई ननिकालि हस्तलिखित भरपाईको आधारमा भत्ता वितरण गरेको छ । फलस्वलरुप वितरण भरपाईमा परिचयपत्र नम्बर उल्लेख नभएको, पाउनुपर्ने भन्दा बढी भत्ता भुक्तानी भएको, एम आई एस प्रणालीमा प्रविष्ट विवरण भन्दा बढी जनालाई भत्ता वितरण, जेष्ठ नागरिकको हकमा उमेर नपुगिकन भत्ता वितरण भएको, तथा पेश्की रकम समयमानै फछ्र्यौट नभएको पाइयो । यसरी वितरित सामाजिक सुरक्षा सम्बन्धित सेवाग्राहीले प्राप्त गरे नगरेको यकिन हुन सकेन । | |
| ५७ | | | **सामाजिक सुरक्षा कार्याक्रम**<br>सामाजिक सुरक्षा कार्याक्रम सञ्चालन कार्यविधि, २०७५ को १३ नाम दर्ता र नवीकरणबाट आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राहीको विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम.आई.एसं) मा अनिवार्य रुपमा प्रविष्टि गर्नुपर्नेमा समयमै सो कार्य भएको छैन ।मृत्यु भएमा, बसाई सरी गएमा, एकल वा विधवा महिलाले विवाह गरेमा, बालबालिकाको हकमा पाँच उमेर पूरा भएमा, नवीकरण नगरेमा, एक आार्थिक वर्षको कुनै पनि किस्ता रकम नबुझेमा वा बैङ्क मार्फत वितरण भएकामा लगातार उक्त वर्षसम्म खाता निष्क्रिय भएमा, अयोग्य व्यक्तिले भत्ता प्राप्त गरेको प्रमाणित भएको अवस्थामा लाभग्राहीको नाम सम्बन्धित स्थानीय तहले मूल अभिलेखबाट कट्टा गर्नुपर्ने व्यवस्था रहेकोमा सामाजिक सुरक्षाको मुल अभिलेख पेश भएको छैन । यसले गर्दा लाभग्राहीको यथार्थ तथ्याङ्क एकिन गर्न सकिएन । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ५८ | | | **सामाजिक सुरक्षाको रकम फिर्ता**<br>सामाजिक सुरक्षाको रकम फिर्ताः सामाजिक सुरक्षा सञ्चालन कार्यविधि, २०७५ को दफा १५(४) अनुसार सामाजिक सुरक्षा कार्यक्रमको रकम वितरण नभएमा फ्रिज भई संघिय कोषमा दाखिला हुने व्यवस्था रहेको छ । गाउँपालिकाले प्रथम, दोस्रो तथा तेस्रो चौमासिकमा वडा कार्यालयहरुलाई दिएको पेश्की मध्ये वितरण हुन नसकेको रकम समयमानै संघिय कोषमा दाखिला भएको पाईएन । लेखापरीक्षणको क्रममा रु ३३६२०० रकम असुली भएको छ । | |
| ५९ | | | **सामाजिक सुरक्षा रकम बढी भुक्तानी**<br>सामाजिक सुरक्षा रकम बढी भुक्तानीः सामाजिक सुरक्षा कार्यक्रम सञ्चालन निर्देशिका, २०७५ को दफा १३ मा आगामी आर्थिक वर्षका लागि कायम हुन आएको लाभग्राही विवरण प्रत्येक स्थानीय तहले फागुन मसान्तभित्र विभागले सञ्चालनमा ल्याएको व्यवस्थापन सूचना प्रणाली (एम आई एस) मा अनिवार्य रूपमा प्रविष्ट गर्नुपर्ने र सोही बमोजिम भत्ता वितरण गर्नुपर्ने व्यवस्था रहेको छ । वडा नं. ४ की जे ना (दलित) कालि देवि भुललाई प्रथम किस्तामा रु ८००० भत्ता वितरण भएकोमा दोहोरो परेको भनी लगत कट्टा गरेको छ । निजले दोहोरो भत्ता प्राप्त गरे नगरेको यकिन गरी दोहोरो परेको भए असुल गर्नुपर्ने रु..<br>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस बुदामा रहेको रू ८०००।–मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitizationगर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| ६० | | | **समिति गठन**<br>समिति गठन- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(१) मा प्रत्येक स्थानीय तहले अध्यक्ष तथा प्रमुखको अध्यक्षतामा बढीमा १५ जना सदस्य रहेको स्थानीय विपद् व्यवस्थापन समिति गठन गर्नुपर्ने व्यवस्था छ । पालिकाले ऐनमा तोकिएबमोजिमको समिति गठन गरेको/समिति गठन भएतापनि बैठक बसेको छैन । ऐनमा तोकिएबमोजिम समिति गठन गरी तोकिएको काम, कर्तव्य र अधिकारमा सक्रिय बनाउनुपर्दछ । | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| ६१ | | | **कार्ययोजना**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा १७(२) तथा विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम (८) मा स्थानीय विपद् व्यवस्थापन समितिको काम, कर्तव्य र अधिकारमा परिषद्/कार्यकारी/प्रदेश विपद् व्यवस्थापन कार्यकारी समितिबाट स्वीकृत एकीकृत क्षेत्रगत नीति तथा कार्यक्रम अनुरुप हुने गरी स्थानीय विपद् व्यवस्थापन योजना तर्जुमा गरी कार्यान्वयन गर्ने, बजेट विनियोजन गर्न लगाउने, सबै पक्षको समन्वय र संलग्न गराउने, विपद् पूर्व तयारी तथा प्रतिकार्य समिति गठन गर्ने, प्रभावित क्षेत्रमा उद्धार र राहत व्यवस्था गर्ने, ऐन बमोजिम कार्य गरे/नगरेको अनुगमन गर्ने, विपद् सूचना प्रणाली विकास र सञ्चालन, तथ्याङ्क अद्यावधिक गर्ने, विपद् घरपरिवारको पहिचान गर्ने, कर्मचारी क्षमता अभिवृद्धिको व्यवस्था र कार्यक्रम सहितको कार्ययोजना तयारी गरी लागू गर्ने/गराउन सम्बन्धी व्यवस्था छ । पालिकाले ऐन तथा नियमावलीमा तोकिएका कार्यहरू गरेको पाइएन । ऐन तथा नियमावलीको पालना गर्नु/गराउनु पर्दछ । | |
| ६२ | | | **विपद् व्यवस्थापन कोष**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २३(१४) मा विपद् व्यवस्थापनको लागि प्रत्येक स्थानीय तहमा विपद् व्यवस्थापन कोष रहने र कोषमा रहने रकम तथा कोषको सञ्चालन सम्बन्धी व्यवस्था सम्बन्धित स्थानीय तहले बनाएको नियममा तोकिएबमोजिम हुने व्यवस्था छ । पालिकाले गत वर्षको मौज्दात रु. ५२५३६ रहेकोमा यस वर्ष १०१५००० गरी १०६७५३६ आम्दानी भई रु. ९५९५३६ खर्च गरी बाँकी रु. १०८००० रहेको देखिन्छ । | |
| ६३ | | | **वार्षिक प्रतिवेदन**<br>विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा ४५ मा स्थानीय विपद् व्यवस्थापन समितिले प्रत्येक आर्थिक वर्षमा गरेको कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी जिल्ला विपद् व्यवस्थापन समिति तथा प्रदेश विपद् व्यवस्थापन कार्यकारी समिति समक्ष पेस गर्नुपर्ने व्यवस्था छ । पालिकाले कामको विवरण सहितको वार्षिक प्रतिवेदन तयार गरी सम्बन्धित समितिमा पेस गरेको पाइएन । ऐनमा भएको व्यवस्थाको पालना हुनुपर्दछ । | |
| ६४ | | | **आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजू**<br>आन्तरिक लेखापरीक्षणबाट कायम बेरुजूः आर्थिक कार्यविधि तथा वित्तीय उत्तरदायित्व ऐन २०७७ को दफा ८५ मा आन्तरिक लेखापरीणबाट कायम बेरुजू अन्तिम लेखापरीक्षण हुनु सम्म फर्स्यौट भईसक्नु पर्ने व्यवस्था छ । पालिकाको आन्तरिक लेखापरीक्षण प्रतिवेदनमा उल्लिखित निम्नानुसार ब्यहोराहरु लेखापरीक्षण अवधि सम्म फर्स्यौट नभएकोले नियमानुसार फर्स्यौट हुनु पर्दछ । | ५०,००० |

| ब.उ,शि.न | भौचर नम्बर | रकम | बेरुजुको ब्यहोरा |
|---|---|---|---|
| गापा चालु | २९, २०७७/१२/२४ | ७५०० | वडा नं. ४ का वडा अध्यक्ष पदम बहादुर विष्टले स्थानीय तहभित्रै भ्रमण भत्ता भुक्तानी लिएकोले असुल गर्नुपर्ने |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|
| | | | (कृषि) | ४३, २०७८/०३/०६ | १९३७५ | गाउँपालिका अध्यक्ष कविन्द्र ब. विष्ट ले रु १०००० र उपाध्यक्ष डम्बरी देवि ओलिले रु ९३७५ स्थानीय तहभित्रै भ्रमण भत्ता भुक्तानी लिएकोले असुल गर्नुपर्ने | |
| | | | गापा चालु | ११, २०७७/०६/०८ | १००० | इलेक्ट्रेसियन सत्यराज भट्टले कार्यालयमा रुजु हाजिर दिनको भत्ता बुझेकोले असुल हुनुपर्ने | |
| | | | | ९०, २०७७/०७/२३ | ४४५५० | वडा नं. २ मर्मत तथा इन्धन रकम खर्च लेखेकोमा सवारी मर्मत अभिलेख नजनाएकोले प्रमाण पेश गर्नुपर्ने | |
| | | | | १२७,२०७७/०८/२८ | ५०००० | आर्थिक सहायता वापत पे.फ. गरिएकोमा लाभग्राही छनौट प्रक्रियाका कागजात पेश गरिएको | |
| | | | | १४४, २०७७/९/२ | ९८१२० | वृतचित्र निर्माणबापत न्यू सन्तोष विज्ञापनलाई भुक्तानी गरिएकोमा वृत चित्र पेश नभएकोले पेश गर्नुपर्ने | |
| | | | | १५२, २०७७/९/३ | १७०० | लैङ्गिक हिंसा पीडित महिलाका लागि कानुनी सचेतना विषयक कार्यक्रममा करुणाकर भट्टको दोहोरो भत्ता भुक्तानी असुल हुनुपर्ने | |
| | | | | १७६, २०७७/९/२० | ८००० | गाउँपालिका अध्यक्ष कविन्द्र ब. विष्टले प्रदेश ऐन विपरित सञ्चार खर्च दोहोरो भुक्तानी लिएकोले असुल गर्नुपर्ने | |
| | | | | २३८,२०७७/१०/२३ | ३५१५५० | महिला कृषक समूहलाई मागमा आधारित भएर वितरण गरिएकोमा माग विवरण तथा वितरण भरपाई पेश गर्नुपर्ने | |
| | | | | २६३,२०७७/११/११ | २०३२३५ | सिरान्चोक कृषि सहकारी मर्मत योजनाको कार्यसम्पन्न प्रतिवेदन, नापी किताब र ठेक्का बिल पेश गर्नुपर्ने | |
| | | | | ३१०,२०७७/१२/०८ | १३५० | चक्र बोहोरा र प्र.प्र.अ को भत्ता दोहोरो भुक्तानी भएकोले क्रमशः रु ८५० र ५०० असुल गर्नुपर्ने | |
| | | | गापा चालु (शिक्षा) | २५,२०७८/०२/१७ | ७५०० | वडा नं. ३ का वडा अध्यक्ष तारा प्रसाद भट्टले स्थानीय तहभित्रै भ्रमण भत्ता भुक्तानी लिएकोले असुल गर्नुपर्ने | |
| | | | | ३४,२०७८/०३/२१ | १७५०० | वडा नं. ३ र ४ का वडा अध्यक्ष तारा प्रसाद भट्ट र पदम बहादुर विष्टले स्थानीय तहभित्रै भ्रमण भत्ता भुक्तानी लिएकोले जनही रु ८७५० असुल गर्नुपर्ने | |
| | | | सशर्त | ३०१,२०७८/०३/२१ | ३७५०० | गाउँपालिका अध्यक्ष कविन्द्र ब. विष्ट ले रु १०००० र उपाध्यक्ष डम्बरी देवि ओलिले रु १००००, वडा नं. ३ र | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|
| | | | <table><tr><td>चालु</td><td></td><td></td><td>४ का वडा अध्यक्ष तारा प्रसाद भट्ट र पदम बहादुर विष्टले रु ८७५० को दरले स्थानीय तहभित्रै भ्रमण भत्ता भुक्तानी लिएकोले असुल गर्नुपर्ने</td></tr><tr><td></td><td>३०१,२०७८/०३/२१</td><td>८५०</td><td>किसान सूचिकरण कार्यक्रममा योजना अधिकृत महाजित साउदको दोहोरो भत्ता भुक्तानी असुल हुनुपर्ने</td></tr><tr><td colspan="2">जम्मा</td><td>८४९७३०</td><td></td></tr></table>कार्यलयको प्रतिक्रिया उपर कारवाही हुँदा यस वुदामा रहेको गो.भौ, नं. १२७, मिति २०७७।८।२८ को रु.५००००।- बाहेकको रू७९९७३०।–मिती २०७८।८।७ मा फस्यौट भएकोमा NAMS digitizationगर्दा अभिलेख देखिने प्रयोजनको लागि यहाँ दर्शाइएको हो। | |
| ६५ | | | **पेश्की बाँकी**<br>पेश्की बाँकी : आर्थिक कार्यविधि नियमावली, २०७४ को नियम ७४(३) मा पेश्की दिएको रकम म्याद भित्र फछ्यौंट गर्नु गराउनु पेश्की लिने एवं दिने दुबैको कर्तव्य हुने कुरा उल्लेख छ । कार्यालयले उपलब्ध गराएको पेश्की बाँकीको विवरण अनुसार आर्थिक वर्षको अन्त सम्म फछ्यौट हुन बाँकी रहेको निम्नानुसार पेश्की रकम नियमानुसार फछ्र्यौट गर्नुपर्दछ।<table><tr><th>सि नं</th><th>पेश्कि लिनेको नाम</th><th>पद/ ठेगाना</th><th>प्रयोजन</th><th>रकम रु</th></tr><tr><td colspan="4">म्याद नाघेको</td><td></td></tr><tr><td>१</td><td>ओराडखेतझोलुङ्गे पुल नि उ समिति</td><td></td><td>दोमील्ला खोला, अम्तड, ओडारखेत, तल्कोट र कपुरपानी झो.पु, नवदुर्गा गाउँपालिका, डडेलधुरा</td><td>५०००००</td></tr><tr><td>२</td><td>कपुरपानी झोलुङ्गे पुल नि उपभोक्ता समिति</td><td></td><td>दोमील्लाखोला, अम्तड, ओडारखेत, तल्कोट र कपुरपानी झो.पु, नवदुर्गा गाउँपालिका, डडेलधुरा</td><td>४०००००</td></tr><tr><td>३</td><td>टिका भुल</td><td></td><td>जग्गाखरिद मुक्त हलिया पुनर्स्थापना</td><td>८७,५००</td></tr></table> | २,१०७,५०० |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | बेरुजु रकम |
|---|---|---|---|---|

| | | | | |
|---|---|---|---|---|
| ४ | दम्वा लोहार | | जग्गाखरिद मुक्त हलिया पुनर्स्थापना | २२७५०० |
| ५ | नरी भुल | | जग्गाखरिद मुक्त हलिया पुनर्स्थापना | ८७,५०० |
| ६ | पार्बती भुल | | जग्गाखरिद मुक्त हलिया पुनर्स्थापना | ८७,५०० |
| ७ | लक्ष्मि देबी भुल | | घरनिर्माण मुक्त हलिया पुनर्स्थापना | ८७,५०० |
| ८ | लक्षी दमाई | | जग्गाखरिद मुक्त हलिया पुनर्स्थापना | ८७,५०० |
| ९ | विरव विक | | जग्गा खरिद मुक्त हलियापुनर्स्थापना | ८७,५०० |
| १० | सुरेन्द्र बिक | | घरनिर्माण मुक्त हलिया पुनर्स्थापना | २२७५०० |
| ११ | हरु देवी लुहार | | घरनिर्माण मुक्त हलिया पुनर्स्थापना | २२७५०० |
| जम्मा | | | | २१०७५०० |

६६

अनुगमन तथा सम्परीक्षण

स्थानीय सरकार सञ्चालन ऐन,२०७४ को दफा ८४ मा बेरुजू फछ्र्यौट गर्ने व्यवस्था रहेको छ ।सोही एनको दफा ८४(२)(घ) मा बेरुजू फछ्र्यौट गर्ने गराउने काम कर्तव्य प्रमुख प्रशासकीय अधिकृतको हुने व्यवस्था छ । यो वर्षको लेखापरीक्षणको क्रममा भई सम्परीक्षण भई गत बर्षसम्मको बाँकी बेरुजु निम्नानुसार रहेको छ ।

| गत वर्षसम्मको बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | गत बर्षसम्मको बाँकी बेरुजू (C=A-B) |
|---|---|---|
| 31295659.7 | 29229488 | 2066171.7 |

यस वर्ष फछ्र्यौट भएको वेरुजुको स्थिति निम्नानुसार रहेको छ ।

| सि.नं. | आ.व | वेरुजु | बेरुजुको संक्षिप्त व्यहोरा | फछ्र्यौटको आधार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | असुली | प्रमाण | नियमित | पेश्की | |
| 1 | 2074.75 | 12 | पूजिगत बजेडबाड कर्मचारी कल्याण कोषमा रकम जम्मा गरेको । | | | 150000 | | 150000 |
| | | | | | | | | |

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | २ | 2074.75 | 29 | अपांगता भएका व्यक्तिहरुलाई परिचयपत्र बेगर अनूदान उपलब्ध गराईएको । | | | 800000 | | 800000 | | |
| | | | | ३ | 2074.75 | 33 | लागत अनूमान बेगर तरकारी कि६ वितर०ा गरेको । | | | 288000 | | 288000 | | |
| | | | | ४ | 2075.76 | 27 | स्थानीय तहका पदाधिकारी तथा सदश्यहरुले ऐनले तोकेको भन्दा बाहेक सुविधा लिएको । | | | 2327000 | | 2327000 | | |
| | | | | ५ | 2075.76 | 38 | कन्ि्टन्जेन्सी बाफत कि्टृ६ गरेको रकम भन्दा ब९ी खर्च गरेको । | 334434 | | | | 334434 | | |
| | | | | ६ | 2075.76 | 39 | खरिद गरेका सामग्रिहरु नापी किताब तथा जिन्सी मौज्दात नदेखाएको । | | | 2473876 | | 2473876 | | |
| | | | | ७ | 2075.76 | 43 | गाउंपालिकाले कोराल मम्मे गिला सडक,खोदानेढा चौड ढांक सडक र गिल्ला सुवाको६ सडकको कार्य पुरा नहुदै बिच्चैमा ठेक्का तोडेको । | | | 6403000 | | 6403000 | | |
| | | | | ८ | 2075.76 | 45 | भ्रम०ा आदेश बेगर विभिन्न समयको अनुगमन खर्च भुक्तानी गरेको । | | | 397000 | | 397000 | | |
| | | | | ९ | 2075.76 | 48 | गाउंपालिकाबा६ सचांलन हुने विभिन्न कार्यक्रमको उद्घा६न तथा समापनको क्रममा अध्यक्षता भत्ता भुक्तानी गरेको । | | 134175 | | | 134175 | | |
| | | | | १० | 2075.76 | 61 | गाउंपालिकाले अन्य कार्यालय तथा संस्थाहरुलाई स्वीकृत बजे६को खर्च शिर्षक बाहिर गई रकम भुक्तानी गरेको । | | | 2405900 | | 2405900 | | |
| | | | | ११ | 2076.77 | 28 | मुक्त हलिया पुर्नस्थापना कार्यक्रमको रकम संघीय संचित कोषमा फिर्ता हून् पर्नेमा विविध कोष खातामा जम्मा गरिएको । | 322500 | 4402500 | | | 4725000 | | |
| | | | | १२ | 2076.77 | 36.1 | दावली चोरा सडकको चेनेज दोहोरो देखिन गएको । | | 56696.89 | | | 56696.89 | | |


https://nams.oag.gov.np

| क्रम | भौचर नम्बर | भौचर मिति | बिषय | | | | | | | | | | | बेरुजु रकम |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | | | १३ | 2076.77 | 36.2 | दावली चोरा सड्कको नापजांच यर्थार्थ नभएको । | | 32680.41 | | | 32680.41 | | |
| | | | | १४ | 2076.77 | 37.1 | वडा नं.ज्ञ र इ को कार्यालय भवनको सम्झौता अनुसार कार्य सम्पन्न हुन नसकी कार्यसम्पन्न प्रतिवेदन तयार गरी भुक्तानी दिईएको । | | 3801209 | | | 3801209 | | |
| | | | | १५ | 2076.77 | 40 | कार्यालयले उपभोक्ता समिति मार्फत संचालित योजनाको भुक्तानीमा सर्भे खर्च कद्दि गरी भुक्तानी गरेको । | | | 356000 | | 356000 | | |
| | | | | १६ | 2076.77 | 41 | अनूगमन समितिका पदाधिकारीहरुलाई अनुगमन भत्ता प्रदान गरिएको । | | | 210000 | | 210000 | | |
| | | | | १७ | 2076.77 | 43 | गाउंपालिका अन्तरगतका विद्यालयमा स्वयम सेवक शिक्षकलाई नियुक्ति गरि रकम भुक्तानी गरेको । | | 2724516 | | | 2724516 | | |
| | | | | १८ | 2076.77 | ४८ | विजयाशैनी माध्यमिक विद्यालय लाई विदयालय भौतिक पु'र्वाधार तथा शौचालय निर्माणका लागी पेश्की दिएको । | | | | 1610000 | 1610000 | | |
| ६७ | | | अद्यावधिक वेरुजु<br>यस पालिकाको २०७६।७७ सम्मको फछ्यौट गर्न बाँकी बेरुजुको स्थिति देहायअनुसार रहेको छ | | | | | | | | | | | |

| गत वर्षसम्मको बाँकी बेरुजू (A) | यो वर्ष संपरीक्षण गरिएको बेरुजू (B) | यो वर्ष कायम बेरुजू (C) | संपरीक्षणबाट कायम बेरुजू (D) | अध्याविधक बाँकी बेरुजू (E=A-B+C+D) |
|---|---|---|---|---|
| 31295659.7 | 29229488 | १३४६४७१७.०९ | ० | १५५३०८८८.७९ |


https://nams.oag.gov.np